जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक २११ | • २०८० साल पुस १३ गते शुक्रबार (29 December, Friday, 2023) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# मधेश सरकार पुरक बजेट ल्याउने तयारीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले पुरक बजेट ल्याउने तयारी थालेको छ । मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले पुरक बजेट ल्याउने बिषयमा बिहीबार आन्तरिक छलफल गरेका छन् ।

सर्वोच्च अदालतले संघ र प्रदेशहरुलाई संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेपछि मधेश प्रदेश सरकारले सो कार्यक्रमको रकम फ्रिज हुनबाट जोगाउन पुरक बजेट ल्याउने तयारी थालेको छ ।

चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको लागि २ अर्ब ३५ करोड रकम विनियोजन गरेको अर्थ मन्त्रालयले जनाएको छ ।

प्रत्यक्ष निर्वाचित प्रदेश सांसदका लागि ३ करोड र समानुपातिक सांसदको हकमा एक करोड रुपैयाँ बराबरको योजनाहरु सांसदले आफ्ना तजबिज अनुसार योजना छनोट गरी भौतिक पूर्वाधार कार्यालयहरु मार्फत कार्यान्वयन गराउने व्यवस्था गरिएको थियो । तर सर्वोच्च अदालतले सांसद आफैले निर्वाचन क्षेत्रमा विकासका कार्यक्रम गर्दा स्वार्थ बाझिने भन्दै सो कार्यक्रम विरुद्ध अन्तिम आदेश दिएको थियो ।

> प्रत्यक्ष निर्वाचित प्रदेश सांसदका लागि ३ करोड र समानुपातिक सांसदको हकमा एक करोड रुपैयाँ बराबरको योजनाहरु सांसदले आफ्ना तजबिज अनुसार योजना छनोट गरी भौतिक पूर्वाधार कार्यालयहरु मार्फत कार्यान्वयन गराउने व्यवस्था गरिएको थियो ।

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको लागि प्रदेश सरकारले मोटो रकम छुट्टाएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले भने-'बिनियोजन गरिएको रकमलाई फ्रिज हुनबाट कसरी जोगाउन सकिन्छ त्यस बिषयमा हामी छलफल गरिरहेका छौ ।'

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको मोटो रकम भएकोले पुरक बजेट ल्याएर बिनियोजन गरिएको रकमको व्यवस्थापन गर्ने तयारी प्रदेश सरकारले गरिरहेको मुख्यमन्त्री यादवले बताउदै प्रदेश सांसदहरुकै सहमतिमा केही नयाँ योजनाहरु थपेर पुरक बजेट ल्याउने बताए ।

यता, प्रदेशका अर्थ मन्त्री संजय कुमार यादवले संसदीय क्षेत्र पुर्वाधार विकास कार्यक्रमकालागि बिनियोजित गरिएको रकमलाई कसरी व्यवस्थापन गर्न सकिन्छ त्यस विषयमा छलफल भइरहेको बताए । तर पुरक बजेट नै ल्याउने विषयमा अहिले त्यस्तो कुनै निर्णय नभएको उनले बताए ।

# कोसेली पठाउने तयारीमा जनकपुरधाम

**टुडे समाचारदाता**

जनकपुरधाम । त्रेता युगकालीन भगवान सीतारामको सम्बन्धलाई जीवन्त बनाउन नेपालको जनकपुरधामले भारतको अयोध्यामा नवनिर्मित भगवान रामको मन्दिरमा हुन लागेको प्राण प्रतिष्ठाका लागि विभिन्न कोसेली पठाउने तयारी गरिरहेको छ ।

जनकपुरधामस्थित जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवको नेतृत्वमा जान लागेको भार(कोसेली)का लागि सुनचाँदीको विभिन्न आभूषण लगायतका सामग्री निर्माणको काम धमाधम भइरहेको छ ।

नगरवासीलाई मिथिलाको परम्परागत कोसेलीहरु सहितको २ सय ५१ वटा भार औपचारिक रुपमा लिएर जाने तयारी भए पनि श्रद्धालुहरुको तर्फबाट त्यो भन्दा धेरै बढी भार जाने उत्तराधिकारी महन्त रामरोशनले बताए ।

भारमा ठेकुवा, भुसुवा, पेरुकिया, खजुरीया, फलफूल, पञ्चमेवा, साडी, धोती ,गरगहना, पलंग, टेबुल, कुर्सी, चुल्हा लगायतका सामग्रीहरु रहने बताइएको छ ।

## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# आन्दोलनको खाका तयार गर्दै सातै प्रदेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको अगुवाइमा सातवटै प्रदेशका मुख्यमन्त्रीहरुको बैठक शुक्रबार हेटौडामा बस्दै छ । प्रदेश सरकारहरुलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने माग गर्दै मुख्यमन्त्रीहरु छलफल गर्न थालेका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नेतृत्वमा यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाउनुका साथै संघ सरकारविरुद्ध आन्दोलनको चेतावनी समेत दिएका थिए । तर, ती चेतावनीबाट संघ सरकारमाथि प्रभाव नपरेपछि मुख्यमन्त्री यादवले सातवटै मुख्यमन्त्रीसंग छलफल गरी एक्कै पटक आन्दोलनको तयारी थालेका छन् ।

सातवटै मुख्यमन्त्रीको शुक्रबार बस्ने बैठकवाट आगामी योजना र आन्दोलनका कार्यक्रम तय गर्ने बैठकमा सहभागी हुन हेटौडा पुगेका मधेश प्रदेशका मुख्यमन्त्री यादवले जानकारी दिए । उनले सातवटै प्रदेशका मुख्यमन्त्री हेटौडा पुगि सकेको जानकारी दिँदै आगामी रणनीति तय गर्ने बताए । मधेश प्रदेश सरकारले निजामती कर्मचारी र प्रहरी समायोजनका लागि दबाब सृजना गर्दै आएका छन् ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

## कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)


ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



**डा. हेमन्त कुमार साह**
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)








टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

## आवश्यकता

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

| सि. नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | लेखापाल (पुरुष/महिला) | १ (एक) | कम्प्युटरको शीप भएको |
| २. | रिसेपनिष्ट (महिला) | केही | कम्प्युटरको शीप भएका |

सम्पर्क नं.
९८५४०३०५०२,
९८५४०२७५९१

ANJANI SUITE



### विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था





# जनताको आशा बचाउन गम्भीर भएर काम गर्नुपर्छ : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको आशा बचाउन गम्भीर भएर काम गर्नुपर्ने बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विहिबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित छलफलका क्रममा उनले आगामी वर्षको नीति कार्यक्रम र बजेट निर्माण प्रक्रियामा गुणात्मक परिवर्तन गरिने उल्लेख गरे ।

प्रधानमन्त्री दाहालले जिम्मेवार निकायले प्रधानमन्त्रीको निर्देशनलाई पालना गर्नुको कुनै विकल्प नभएको बताए । "हाम्रो जिम्मेवारी राष्ट्र बनाउनु छ, जनताको आशा बचाउन पनि हामीले गम्भीररूपमा काम गर्नुपर्छ", उनले भने, "यतातर्फ गम्भीरतापूर्वक सोच्नुहोला, हामीले काम गर्न सक्दैनौँ भने ठाउँ ओगटिरहन जरूरी छैन, यसमा प्रष्ट हुनुहोला ।"

आफूले देशवासीका नाममा गरेको सम्बोधन सरकारको आगामी वर्षको मार्गचित्र भएको प्रधानमन्त्री दाहालले बताए। देशवासीका नाममा हालै गरेको सम्बोधन अक्षरशः लागू गरिने उनको भनाइ थियो । अब कामका आधारमा मन्त्री तथा कर्मचारीको मूल्याङ्कन गरिने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, "म अलि उदार भएँ, मन्त्रालयलाई सहज छाडिदिएँ र काम कम भयो कि भन्ने समीक्षामा पनि छु।



देशवासीका नाममा भएको सम्बोधनका क्रममा व्यक्त विषयलाई आत्मसात् गर्नुहोला ।"

प्रधानमन्त्री दाहालले आजै आफूले प्रधानमन्त्री कार्यालयको पुनःसंरचना गर्ने उद्घोष गर्दै अन्य काम पनि क्रमशः अगाडि बढ्ने बताए। सरकारको काममा प्रभावकारिता ल्याउन मन्त्रालयगत छलफल थालेको उल्लेख गर्दै उनले जनताका लागि अझ राम्रो काम गर्ने सङ्कल्पका साथ छलफल प्रारम्भ गरिएको बताए । "मन्त्रालयले राम्रो काम गरेनन् भने सरकार र प्रधानमन्त्रीलाई आरोप आउँछन्, यसमा सचेत हुनुहोला", उनले भने ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडकको निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ काम गरिरहेको, नागढुङ्गा सुरूङमार्ग निर्माणको काम अपेक्षित गतिमा अगाडि बढेको, हुम्ला सदरमुकाम सिमकोटसम्म सडक विस्तार र कालोपत्र गर्ने प्रक्रियालाई प्राथमिकता दिइएको बताए । जुनसुकै विकल्पमा गएर भए पनि निर्माण व्यवसायीको पुरानो भुक्तानी टुङ्गो लगाउनुपर्ने उनको भनाइ छ ।

मन्त्री ज्वालाले स्रोत सुनिश्चिततामा लचिलो प्रक्रिया अपनाउनुपर्ने, राष्ट्रिय गौरवका आयोजनामा बजेटको कमी नहुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने, भौतिक पूर्वाधारका निम्ति देखापर्ने समस्या सम्बोधनका निम्ति छाता कानुन वा उच्चस्तरीय संयन्त्र आवश्यक रहेकामा जोड दिए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले विकास ऐन तर्जुमालाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरे । मुख्यसचिव डा बैकुण्ठ अर्यालले निर्माण व्यवसायीको बाँकी भुक्तानीको सहजीकरणका निम्ति आवश्यक काम भइरहेको तथा सडक पुलको बजेटमा दायित्वको दबाब बढिरहेको बताए ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले मन्त्रालयमार्फत प्रदान गरिने सेवाप्रवाहका निम्ति आवश्यक पर्ने ऐनको मस्यौदा तयार गरिएको उल्लेख गर्दै सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरणको अवधारणाअन्तर्गत नियमावलीको मस्यौदाको काम भइरहेको जानकारी गराए ।

# मानवीय त्रुटिका कारण यति एयरलाइन्सको विमान दुर्घटना : प्रतिवेदन

टुडे समाचारदाता

काठमाण्डु । गत वर्ष पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटना मानवीय त्रुटिका कारण भएको निष्कर्ष निकालिएको छ । विमान दुर्घटनापछि गठित जाँचबुझ आयोगले मानवीय त्रुटिका कारण विमान दुर्घटना भएको निष्कर्षसहितको प्रतिवेदन बुझाएको छ ।



पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले आठ महिना तीन दिन लगाएर तयार पारेको प्रतिवेदन विहिबार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको छ।

पोखरामा गत वर्ष माघ १ गते विमान दुर्घटना भएकै दिन सरकारले पूर्वसचिव घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा हवाई विज्ञ नेपाली सेनाका अवकाशप्राप्त क्याप्टेन दीपकप्रकाश बास्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा, जहाज मर्मतसम्भार विषयका इन्जिनियर एकराज जंग थापा र आयोगको सदस्य सचिवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्थ्यो ।

प्रतिवेदन बुझ्दै मन्त्री किरातीले आयोगले दिएको सुझाव कडाइका साथ कार्यान्वयन गर्न मातहतका निकायलाई निर्देशन दिए ।

# थारू बस्तीमा माघीको चहलपहल सुरु

टुडे समाचारदाता

दाङ । नजिकिएसँगै दाङका थारू बस्तीमा चहलपहल सुरु भएको छ। थारू जातिको सबैभन्दा ठूलो पर्व माघी आउनुभन्दा एक महिनाअघिदेखि तयारी भइरहेको छ । थारू समुदायले नयाँ वर्षका रुपमा यो पर्व मनाउने गर्दछन् । पर्वमा थारू समुदायमा गाउँका महतवा (अगुवा)को घरमा जम्मा भएर वर्षभरिको योजना बनाउछन् ।



अहिले थारू बस्तीमा नाचगान र खानपिनको तयारी भइरहेको घोराही उपमहानगरपालिका-१७ कर्जाहीका सोमती चौधरीले बताए । माघीको तयारीका लागि वनबाट दाउरा, पात ल्याउने काम भइसकेको उनले सुनाए । "खानाका परिकार बनाउन एक महिनाअघिदेखि तयारी गर्नुपर्ने हुन्छ, त्यसैको तयारीमा लागेका छौँ", सोमतीले भने, "ढिक्री, रोटी पकाउने, अनदीको विशेष झोल (जाँड) र भातलगायत विशेष मीठा-मीठा परिकारको तयारीमा जुटेका छौँ ।" पुसमा तयारी गरेर माघे सङ्क्रान्तिका दिनदेखि चार-पाँच दिनसम्म माघी पर्व मनाउने गरेको उनले बताए ।

थारू समुदायले माघमै आफ्नो मुखिया, चौकीदार, घरको मूली चुन्ने, नयाँ नियम लागू गर्ने, संशोधन गर्ने भएकाले पनि यसलाई विशेषरूपमा लिइँदै आएको घोराही-६ का भीमबहादुर चौधरी बताउछन् । उनले वर्षभरिको योजना माघमा बनाइने भएकाले पनि थारू समुदायका लागि महत्त्वपूर्ण रहेको बताए । थारू जातिले माघलाई नाचगान, खानपिनमा विशेष महत्व दिने गर्दछन् । वर्षभरि गरेका कामको समीक्षा गर्ने र आगामी कामको योजना बनाउने चौधरीको भनाइ छ।

थारू समुदायका व्यक्तिले माघीको अघिल्लो दिन आगोको धुनी बालेर ताप्छन् । गाउँभरिका मानिस एकैठाउँ जम्मा भएर आगो ताप्ने र भाले बासेसँगै नदी तथा खोलामा नुहाउने गर्दछन् । नुहाएर आएपछि आफूभन्दा ठूलालाई ढोग गरी आशीर्वाद लिएर घरमा आएपछि खिचडी दान गर्ने प्रचलन छ । खिचडी पुर्खा, देवीदेवता र चेलीबेटीका लागि छुट्याइन्छ । यसरी छुट्याइएको खिचडी घरका सदस्यले खान मिल्दैन र त्यो पाहुर (कोसेली)का रूपमा चेलीबेटीका घरमा पुर्याउने प्रचलन रहेको मतहवा सङ्घका जिल्ला अध्यक्ष चन्द्रप्रसाद चौधरीले बताए ।

माघीको अघिल्लो दिन बिहानै गाउँघरका किसान जम्मा भई बङ्गुर, सुँगुर (थारू भाषामा जिता मार्ना) मारेर बराबरी बाँड्ने चलन छ । गँगटा, माछासँगै घोडीको विशेष परिकार बनाएर खाने गरिन्छ। माघीका अवसरमा 'मघौटा नाच' नाच्ने गरिन्छ। यो नाच शृङ्गार र करुण रसले भरिएको घोराही उपमहानगरपालिका-३ का मतहुँ हिमलाल चौधरीले बताए । "थारू समुदायमा माघलाई नयाँ वर्षका रूपमा पनि लिने गरिन्छ । पुस मसान्तमा आ-आफ्नो लेनदेन, हरहिसाब चुक्ता गर्ने र माघको १ गतेदेखि नयाँ हिसाबकिताब सुरु गर्ने चलन छ। माघीमा घरपरिवारभित्र होस् या गाउँ समुदायमा आगामी वर्षका लागि खेतीपातीलगायतका अन्य व्यवहारको नवीकरण गरिन्छ", चौधरीले भने ।

### माघ महोत्सवको तयारी

थारू कल्याणकारिणी सभा दाङ देउखुरीको आयोजनामा घोराहीमा बृहत् माघी महोत्सव हुन थालेको छ । थारू समुदायको मौलिक कला, संस्कृति विकास गर्नमा थप सहयोग पुग्ने उद्देश्यले माघ महोत्सवको आयोजना हुन लागेको छ ।

थारू समुदायको सबैभन्दा ठूलो पर्व माघीका अवसरमा यही पुस २० र २१ गते माघ महोत्सव गर्न थालिएको हो । थारू कल्याणकारिणीसभा दाङका अध्यक्ष अशोक चौधरीले थारू समुदायको संस्कार र संस्कृति बोकेको महान् पर्वका अवसरमा माघ महोत्सव गर्न लागिएको बताए । दुई दिनसम्म लाग्ने महोत्सवलाई भव्य र सभ्य बनाउनका लागि अध्यक्ष अशोक चौधरीको संयोजकत्वमा ५१ सदस्यीय महोत्सव मूल आयोजक समिति बनाइएको छ ।

दीपकनारायण चौधरीको संयोजकत्वमा आर्थिक उपसमिति बनाइएको छ । समितिका सदस्यमा शोभाराम चौधरी, अनिल चौधरी, अर्नब चौधरी, रामपति चौधरी र नगेन्द्र चौधरीलाई जिम्मेवारी दिइएको छ। त्यस्तै सन्तोष दहितको संयोजकत्वमा पाँच सदस्यीय प्रचार-प्रसार समिति बनाइएको छ। जसको सदस्यमा सवि थारू, श्रीनारायण चौधरी, आरएम जगत् कुसुम्यालाई जिम्मेवारी दिइएको छ ।

जिल्ला समन्वय समितिको परिसरमा महोत्सव सञ्चालन गरिने छ । माघ महोत्सवमा दाङका सबै स्थानीय तहका मघौटा नाचलगायतका अन्य थारू नाच देखाउने कार्यक्रम आयोजकले जानकारी दिएका छन् । महोत्सवमा थारू परिकार, तथा थारू समुदायका हस्तकला, थारू वेशभूषालगायतका सामग्री प्रदर्शनीमा राखिने थारू कल्याणकारी सभाका सहसचिव श्रीप्रसाद चौधरीले जानकारी दिए ।

# 'एकको उपहार, अर्काको सरोकार': सहयोगको हात फैलाउँदै सुखावती

टुडे समाचारदाता

गण्डकी । 'एकको उपहार, अर्काको सरोकार' भन्ने नाराका साथ पुराना सामान पुनः प्रयोग एवं प्रशोधन गरी त्यसलाई सुपथ मूल्यमा बेच्ने र आम्दानीलाई सामाजिक उपयोगमा लगाउँदै आएको सुखावती फाउन्डेसनले पोखरामा सहयोगको हात फैलाउन सुरु गरेको छ ।



समाज कल्याण परिषद्मा दर्ता गरी शिक्षा र महिला उद्यमशीलता निर्माणका लागि क्रियाशिल हुँदै आएको सो संस्थाले गत अक्टोबरदेखि पोखरा महानगरपालिका-१७ स्थित पावरहाउस नजिक नयाँ शाखा सञ्चालनमा ल्याएको हो । प्रयोग भइसके पनि पुनःप्रयोग गर्न मिल्ने सामग्री सङ्कलन/प्रशोधन गरी न्यून मूल्यमा बिक्री गरेर भएको आम्दानी परोपकारी काममा लगाउँदै आएको यस संस्थाले सन् २०१४ देखि सडकबाटै आफ्नो सेवा सञ्चालन गरेको व्यवस्थापक चित्र दाहालले जानकारी दिए ।

"सन् २०१५ मा कानुनीरुपबाटै नाफा वितरण नगर्ने संस्थाका रुपमा सेवा सुरु गरिएको सुखावती स्टोरका काठमाडौँमा तीन वटा शाखा सञ्चालनमा आइसकेका छन्", उनले भने, "मा यही अक्टोबर १ देखि पोखरा महानगरपालिका-१७ पावरहाउसस्थित डमरु मार्केटमा चौथो नयाँ शाखा सञ्चालनमा ल्याइएको छ ।"पोखरामा शाखा सञ्चालन गरेर मानवकल्याण, रोजगारी सिर्जना र खेर गइरहेको सामग्रीको यथासम्भव पुनःप्रयोग गर्ने संस्कृतिलाई बढावा दिँदै वातावरणीय संरक्षणमा योगदान दिने अभियानमा पोखरावासीको साथ र सहयोग मिल्ने विश्वास लिइएको उनले बताए ।

एकको पुरानो सामान अर्काका लागि नयाँ हुनसक्ने बताउने फाउन्डेशनका अध्यक्ष चिजमान गुरुङले 'माया बाँडौं खुसी बढाउँ' भन्ने नाराका साथ आफूहरूले अभियान थालेको जानकारी दिए । फाउन्डेशनको तर्फबाट भूकम्पमा निधन भएका परिवारका छोराछोरीलाई शिक्षादिक्षाका साथै अन्य विभिन्न सामाजिक सेवाका क्षेत्रमा सहयोग गरिएको उनको भनाइ थियो ।"हामी यो अभियानमार्फत स्वदेशमा कसरी रोजगारी बढाउन सकिन्छ भन्ने दीर्घकालीन सोचमा पनि छौँ", अध्यक्ष गुरुङले भने, "प्रयोग गर्न मिल्ने एकका पुराना समान अर्कालाई सुपथ मूल्यमा प्रदान गरी आएको मूल्यलाई सामाजिक सेवामा लगाउँदै आएका छौँ ।"

आफूहरूले स्थापना गरेको सुखावती स्टोरमा हुनेखानेले दान सहयोग गर्नसक्ने र हुँदा खानेले अति समान्य मूल्यमा लत्ताकपडा तथा अन्य सामग्री लिएर घर फर्कनसक्ने उनको भनाइ थियो । सुखावती स्टोरमा आफूले प्रयोग गर्न छोडेका तर अरुलाई उपयोग हुनसक्ने कपडा, भान्साका सामान, विद्युतीय सामग्री, गमला र प्रयोगमा आउनसक्ने जुनसुकै सामान पनि राख्ने गरिएको अध्यक्ष गुरुङले जानकारी दिए ।

लत्ताकपडा, पुस्तक, झोला, भान्छा वा घरायसी प्रयोजनमा प्रयोग हुने भाँडाकुँडा, सजावटका सामग्री, खेलौना, जुत्ता-चप्पल, फर्निचरदेखि खाद्यान्न तथा तरकारीसमेत सङ्कलन तथा प्रशोधन गरी आफ्ना पसलबाट न्यूनतम मूल्यमा बिक्री गर्ने, त्यसरी सङ्कलन, प्रशोधन तथा बिक्रीबाट बचत भएको नाफा रकम सामाजिक हित वा मानवसेवामा खर्च गर्ने गरिएको उनले जानकारी गराउनुभयो । मानवकल्याण, रोजगारी सिर्जना र खेर गइरहेको सामग्री यथासम्भव पुनःप्रयोग गर्ने संस्कृतिलाई जोड दिँदै वातावरण संरक्षणमा योगदान र शून्य फोहरको अवधारणा संस्थाले कार्यान्वयनमा ल्याएको छ ।

समाजमा कसैका लागि प्रयोजनहिन वा काम नलाग्ने भइरहेको समान सङ्कलन तथा प्रशोधन गरी त्यसलाई अन्यका लागि प्रयोगयोग्य बनाउनसके वातावरण संरक्षणमा टेवा पुग्ने अध्यक्ष गुरुङको भनाइ थियो । गरिबी न्यूनीकरण, वातावरण संरक्षण र रोजगारी सिर्जनाका लागि सामाजिक उद्यम सञ्चालन गर्ने फाउन्डेसनको लक्ष्य रहेको बताउँदै सचिव कमला गुरुङले आर्थिक तथा सामाजिक दृष्टिले पछि परेका वर्ग र समूहको आयविहिबार्रन, स्वास्थ्य शिक्षा एवं जीविकोपार्जनमा योगदान पुर्‍याउँदै आइएको छ भने ।

फाउन्डेसनका तर्फबाट वातावरण प्रदूषण न्यूनीकरणलाई जोड दिँदै विभिन्न व्यक्ति, सङ्घसंस्था सरकारी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा वातावरणीय सचेतना अभिवृद्धिलगायत कामलाई पनि सञ्चालन गर्दै आइएको उनले जानकारी दिए ।पोखरामा शाखा सञ्चालनसँगै पावरहाउस क्षेत्रमा हालै सामाजिक सचेतना अभिवृद्धिको लक्ष्यका साथ गरिएको फोहर सङ्कलन अभियानमा चार टनभन्दा बढी फोहर सङ्कलन गरिएको सचिव गुरुङ्को भनाइ थियो ।वसुन्धराबाट सुखावती स्टोर सञ्चालन थालेको फाउन्डेसनका वनस्थली, नेपालटार र झम्सीखेलमा गरी तीन वटा स्टोर सञ्चालनमा आएकामा चौथो स्टोर पोखरामा स्थापना गरिएको उनले उल्लेख गरे ।

लामो समय वैदेशिक रोजगारीका सिलसिलामा दक्षिण कोरियामा देखिएको 'ब्युटीफुल स्टोर'जस्ता सामाजिक उद्यम देखेर यसरी पनि सेवा गर्न सकिन्छ भन्दै नेपालमा यसको अवधारणा अघि सारिएको अध्यक्ष गुरुङले बताए । स्टोरमा दाताबाट प्रदान गरिएका सामग्री सङ्कलन तथा सामग्री बिक्री गर्ने प्रयोजनका लागि काठमाडौँमा विभिन्न सात ठाउँमा दान बाकस राखिएको उनले जानकारी दिए । कतिपय दाताहरूले कम्पनीको कर्मचारीलाई सम्पर्क गरी दान दिन आफ्नै घर वा कार्यालयबाट सङ्कलनका लागि अनुरोध गर्ने गरेका छन् ।

सचिव कमला गुरुङका अनुसार पछिल्लो समय सामाजिक सञ्जालजस्तो फेसबुक, ट्वीटर, युट्युब, पत्रपत्रिका वा अन्य आमसञ्चारमाध्यम, ब्रोसर, इमेलबाटसमेत सुखावती स्टोरबारे जानकारी प्राप्त गरी दाताहरू आउने गरेका छन् ।स्टोरले स्थापनाकालदेखि सन् २०२२ को अन्तसम्म ५७ हजार एकसय सात किलोग्राम सामग्री सङ्कलन गरेर बिक्री वितरण गरी पुनःप्रयोगमा ल्याइएको छ। बिक्रीबाट गत आव २०७८/७९ मा रु ४२ लाख १३ हजार आम्दानी भएको र सो आवमा रु ३७ लाख ७४ हजार खर्च भएको उनले जानकारी दिए।

पछिल्लो समयममा स्टोरको प्रचारप्रसार र लोकप्रियता बढेसँगै विभिन्न सामान दान गर्नेक्रम बढ्दै गएको सचिव गुरुङको भनाइ थियो।

सुखावती स्टोरमा हाल १३ जनाले रोजगारी पाएका छन् । रोजगारी पाउनेमा अधिकांश महिला तथा फरक क्षमता भएका व्यक्ति छन् । संस्थाले २० महिलालाई सीपमूलक तालिम प्रदान गर्दै स्वरोजगार बन्न उत्प्रेरित गरेको छ भने मानवीय सहयोगअन्तर्गत मानवसेवा आश्रमलाई एक स्वास्थ्यकर्मी (नर्स)को व्यवस्था मिलाइ सहयोग गरेको छ। नेपालीको मुख्य चाड वडादसैँका अवसरमा अतिविपन्न, एकल महिला तथा अशक्त व्यक्तिलाई हाम्रो पनि दसैँ कार्यक्रमअन्तर्गत प्रत्येक वर्ष ३० जनालाई खाद्यान्न तथा नगद सहयोग उपलब्ध गराउने गरिएको सचिव गुरुङले जानकारी दिए।

त्यस्तै न्यानो माया कार्यक्रमअन्तर्गत दुर्गम हिमाली मुगु जिल्लाका विभिन्न उमेर समूहका ४५ बालबालिकालाई न्यानो लत्ताकपडा वितरण, अतिविपन्न, असहाय र टुहुरा बालबालिकालाई शैक्षिक सहयोग, भूकम्पपीडितलाई सहयोगलगायत धेरै सामाजिक सहयोगका काम बढाइएको उनले बताए। "पोखरामा सञ्चालनमा आएको सुखावतीको नयाँ स्टोरमार्फत यस क्षेत्रमा सामाजिक सेवाका गतिविधि बढाउने हाम्रो लक्ष्य छ", उनले भने, "हाम्रो अभियानमा पोखरेलीवासीको राम्रो साथ र सहयोग पाउने विश्वास गरेका छौँ।"

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




हरवा चरवा अधिकार मञ्च सिरहाले आफ्नो चौथो जिल्ला सम्मेलनका अवसरमा विहिबार लहान बजारमा निकालेको नगर परिक्रमा ऱ्याली। सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ।
*तस्बिरः रासस*

# गभर्नरको योग्यतालाई लिएर सर्वोच्चमा रिट

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको शैक्षिक योग्यतामाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतमा रिट दायर भएको छ।



कानुनव्यवसायीहरु दीपकराज जोशी, प्रतापसिंह ठकुराठी, दामोदर तिमिल्सना र चुडामणि भण्डारीले विहिबार दायर गरेको रिटमा गर्भनर अधिकारीको शैक्षिक योग्यता नपुगेको दाबी गरिएको छ । उक्त निवेदनमाथि शुक्रबार सुनुवाइ हुने सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए।

सरकारले केन्द्रीय बैंकका पूर्वगभर्नर अधिकारीलाई २०७६ साल २४ चैतमा गभर्नरमा नियुक्त गरेको थियो । नेपाल राष्ट्र बैंक ऐनको दफा २० मा भएको गभर्नरको योग्यतासम्बन्धी व्यवस्थामा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित वा कानुनमा स्नातकोत्तर भई त्यही क्षेत्रमा अनुभव हासिल गरेको हुनुपर्ने उल्लेख छ।

गभर्नर अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर सरहको समकक्षता लिएको जिकिर गरेको भएपनि ऐनमा स्नातकोत्तर तह उत्तीर्ण भएकै हुनुपर्ने सर्त तोकेकाले समकक्षताको भरमा योग्यता नपुग्ने रिटमा भनिएको छ।

# बिजुलीको बक्यौता तिर्नैपर्छ, छुट हुँदैन : प्राधिकरण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले विगतमा डेडिकेटेड फिडर एवं ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका र हाल लाइन काटिएका ग्राहकलाई पुनरावेदन प्रक्रियामा आउन आग्रह गरेको छ। महसुल उठाउनैपर्ने र राजस्वमा छुट दिन नसकिने भएकाले पुनरावलोकन प्रक्रियामा आउन वा किस्ताबन्दीमा तिर्नका लागि अवसर दिन सकिने स्पष्ट पारेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विहिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा डेडिकेटेड फिडर एवं ट्रंक लाइनबाट विद्युत् लिएकाको लाइन काटेर बक्यौता उठाउन निर्देशन दिइसकेको सन्दर्भमा छुट दिन नसकिने बताए । पछिल्लो पटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बक्यौता उठाउन निर्देशन दिइसक्नु भएको छ । राजस्व छुट दिन नसकिने भएकाले यसमा प्राधिकरणले केही गर्न नसक्ने स्पष्ट पार्दै उनले प्राधिकरण मातहत रहेको पुनरावलोकन समितिमा निश्चित् रकम धरौटी राखेर प्रक्रियामा आउन सम्बन्धित व्यवसायीलाई आग्रह गरे।

प्रधानमन्त्रीको निर्देशनपछि पछिल्लो पटक प्राधिकरणले केही ठूला उद्योगको बिजुली काटिदिएको छ । उद्योगमा बिजुली काटिएपछि उद्योगी-व्यवसायीले आपत्ति जनाउँदै आएका छन्। एक सवस्टेसनबाट अर्को सवस्टेशन जोड्ने लाइनबाट विद्युत् आपूर्ति लिने औद्योगिक, व्यापारिक र गैरव्यापारिक वर्गका ग्राहकलाई प्रिमियमसहितको बक्यौता रकम भुक्तानीका लागि पटकपटक सार्वजनिक सूचना निकालेर प्राधिकरणले अनुरोध गरेको थियो।

प्राधिकरणको अनुरोधलाई बेवास्ता गर्दै बक्यौता बुझाउन आनाकानी गरेपछि प्राधिकरणले विद्युत् वितरण विनियमावली तथा विद्युत् महसुल सङ्कलन विनियमावली बमोजिम यही पुस ६ गतेदेखि लाइन काट्न सुरु गरेको हो।

उपभोक्ताले विगतमा दैनिक रुपमा १७/१८ घण्टासम्मको लोडसेडिङ व्यहोरिरहेका बेला तीन सय ३९ औद्योगिक, व्यापारिक र गैरव्यापारिक ग्राहकले डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनमार्फत २० घण्टाभन्दा बढी बिजुली उपभोग गरेका थिए । कूल दुई सय ३९ ग्राहकमध्ये एक सय ७८ उपभोक्ताले डेडिकेटेड तथा ट्रङ्क लाइनबापतको प्रिमियमसहितको विद्युत् महसुल समयमै प्राधिकरणलाई भुक्तानी गरिसकेका छन्।

डेडिकेटेड तथा ट्रङ्क लाइनबाट बिद्युत् उपभोग गरेको कूल ६१ वटा उद्योगको कुल बक्यौता रु २२ अर्ब २४ करोड बराबर छ। त्यसमध्ये करिब रु १२ अर्ब ५० करोड बराबरको बक्यौता हालै लाइन काटिएका नौ वटा ठूला उद्योगको छ । बक्यौता रहेका अन्य उद्योगको लाइन क्रमशः काट्दै जाने रणनीतिमा प्राधिकरण छ।

कार्यकारी निर्देशक घिसिङले महशुल उठाएरै छाडिने र सबै तथ्य तथ्यांक सुरक्षित रहेको समेत स्पष्ट पार्नुभयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय तथा सार्वजनिक लेखा समितिले बक्यौता उठाउन बारम्बार निर्देशन दिएको उल्लेख गर्दै घिसिङले भने " हामीले पनि उद्योगी व्यवसायीलाई धेरै पटक अनुरोध गर्‍यौं। उहाँहरुले वास्ता गर्नुभएन । हामी बाध्य भएर लाइन काट्ने निष्कर्षमा पुगेका हौं।" जुनसुकै विकल्प अपनाएर भए पनि बक्यौता बुझाउन उनले आग्रह गरे।

# बिम्स्टेकजस्ता क्षेत्रीय सङ्गठन नेपालको आर्थिक विकासमा सहयोगी हुने

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्र मन्त्री नारायणप्रकाश साउदले क्षेत्रीय मञ्चमार्फत राष्ट्रिय हित प्रवर्द्धन गर्ने नेपालको परराष्ट्र नीति रहेको बताउनुभएको छ।

नीति अनुसन्धान प्रतिष्ठानले बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक)को भावी कार्यदिशा विषयमा विहिबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले आपसी सहयोग अभिवृद्धि तथा आर्थिक विकास गर्ने उद्देश्यले विश्वका विभिन्न मुलुक आ-आफ्ना क्षेत्रमा सङ्गठित भएका उल्लेख गरे।

मन्त्री साउदले भने, "नेपाल पनि एसियामा स्थापना भएका सङ्गठनहरूमा आबद्ध भई संवाद र सहकार्य गर्दै आएको छ । त्यसैअनुरूप नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क), बिम्स्टेक र एसियाली सहयोग संवादजस्ता एसियाका सङ्गठनहरूलाई उपयोग गरी आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आपसी सहयोग अभिवृद्धिमा सक्रिय हुँदै आएको छ।" भू-परिवेष्टित मुलुक एवं अल्पविकसित मुलुक नेपालले आर्थिक विकाससँग सम्बन्धित चुनौतीबाट पार पाउन बिम्स्टेकजस्ता क्षेत्रीय सङ्गठनसँगको आबद्धता सहयोगी हुने बताए।

मन्त्री साउदले बिम्स्टेकलाई थप सुदृढ एवम् संस्थागत गर्ने सिलसिलामा बिमस्टेक क्षेत्रअन्तर्गत सहयोग तथा सहकार्यलाई थप प्रभावकारी बनाउन आगामी दिनमा बिमस्टेक प्रकृयाले लिनुपर्ने कार्यदिशाका सम्बन्धमा सुझाव दिन बिमस्टेक इपीजी (प्रवुद्ध व्यक्तिहरुको समूह) गठन भएको बताए।

# प्रधानमन्त्री कार्यालयका ६८ दरबन्दी कटौतीमा

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुनःसंरचनासहित सङ्गठन व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) स्वीकृत गरेको छ । प्रधानमन्त्री कार्यालयमा विहिबार भएको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री कार्यालयको हालको दरबन्दीमा ६८ वटा पद कटौती गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राससलाई जानकारी दिए।




"प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशवासीका नाममा गत मङ्गलबार गरेको सम्बोधनबमोजिम प्रधानमन्त्री कार्यालयको पुनःसंरचना गरिएको छ, ६८ वटा दरबन्दी कटौती भएका छन्", मन्त्री शर्माले भने।

प्रधानमन्त्री कार्यालयअन्तर्गतका ती दरबन्दीमा रहेका कर्मचारी अब अन्यन्त्र पदस्थापना हुने उनले बताए । "प्रधानमन्त्रीको सम्बोधनका क्रममा व्यक्त भएका प्रतिबद्धताको कार्यान्वयन सुरु भएको छ, अब हामी सबै निकायमा त्यो लागू गर्छौं", उनले भने।

बैठकले आर्थिक वर्ष २०८०/८१ का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार छ सय ५० कायम गरेको छ । मन्त्रिपरिषद्ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को सदस्यसचिवमा महेश भट्टराईलाई नियुक्त गरेको मन्त्री शर्माले जानकारी दिए।

# चोरीका मोटरसाइकल समाउने प्रहरीको अभियान

**टुडे समाचारदाता**

भैरहवा । जिल्लामा चोरी, लुटपाट, लागुऔषध दुर्व्यसनलगायतअपराधमाचोरीका मोटरसाइकलको अत्यधिक प्रयोग भएपछि रुपन्देही प्रहरीले यसको नियन्त्रणका लागि 'क्लिन स्वीप अपरेसन' अभियान सञ्चालन गरेको छ।

यही पुस १ गतेदेखि प्रहरीले अभियानलाई 'क्लिन स्वीप अपरेसन' नाम दिएर चोरीका मोटरसाइकल नियन्त्रणमा सक्रियता देखाएको छ । अभियान सुरु गरेयता हालसम्म २३ मोटरसाइकल र नौ जना आरोपितलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विश्वकर्माले जानकारी दिए। "केही दिनअघि भैरहवाबाट एकैदिन आठवटा मोटरसाइकल चोरी भएको थियो । सोही चोरीको घटना पछ्याउँदै जाँदा प्रहरीले २३ मोटरसाइकल बरामद गरेको छ", उनले भने।

रुपन्देहीका प्रहरी प्रमुख विश्वकर्माले अबका दिनमा चोरीका मोटरसाइकल नियन्त्रणमा अझै आक्रमक तरिकाले लाग्ने बताए । "हामीलाई सूचना आयो भने हामी घरमै गएर पनि चोरीका मोटरसाइकल बरामद गरेर ल्याउँछौं", उनले भने, "चोरी कार्यमा संलग्न जोसुकै होस् नियन्त्रणमा लिएर कारबाहीको दायरामा ल्याउने छौं।"

भारतीय सीमा नजिक भएकाले भारतबाट चोरी गरी ल्याइएका मोटरसाइकल सस्तो मूल्यमा खरिद गरी प्रयोग गर्ने बढेको अनुसन्धानका क्रममा पाइएको विश्वकर्माले जानकारी दिए। "आफ्ना छोराछोरी कस्तो मोटरसाइकल प्रयोग गरिरहेका छन् यो अभिभावकले पनि ख्याल गर्नुपर्छ", उनले भने, "अहिले धनाढ्य घरका मानिस नै यस्तो कार्यमा लागेका पाइएको छ।"

यही पुस १ गतेयता प्रहरीले दुईवटा रोयल इन्फिल्ड, बजाज पल्सर एक, हिरो स्पेलेण्डर छ, बजाज पल्सर दुई सय २० सिसीको तीन, यामाहा एफजेड एक, हिरो डिलक्स एक, हिरो होण्डा दुई, यामाहा आर-१५ दुई, फरिना स्कुटर एक, डियो एक, बजाज डिस्कोभर दुई र बजाज पल्सर दुई सय २० एनएस एक कुल २३ वटा मोटरसाइकल बरामद गरेको विश्वकर्माले जानकारी दिए । यही अवधिमा एउटै इन्जिन नम्बर भएको दुई वटा फोर्ड कम्पनीका कार पनि बरामद गरिएको उनले बताए।



तिलोत्तमा नगरपालिका-२, जानकीनगरमा रहेको श्रीनगर अटो ग्यारेजमा एउटै इन्जिन नम्बरको कार रहेको सूचनाका आधारमा प्रहरीले दुईवटा कारलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको विश्वकर्माले बताए । "विशेषतः जिल्लाको दक्षिणी क्षेत्रमा भारतीय नम्बर प्लेटका मोटरसाइकलको प्रयोग बढ्दो रहेको छ", उनले भने, "यस्ता मोटरसाइकल आपराधिक क्रियाकलापमा प्रयोग गर्ने र सजिलै सीमा पारी भाग्ने गरेका पाइएको छ।"

कतिपय अवस्थामा भारतबाट चोरी भएका मोटरसाइकल वा मोटरसाइकलमा प्रयोग हुने सामग्री नेपालमा बिक्री वितरण हुँदै आएका प्रहरी प्रमुख विश्वकर्माले बताए । नेपाली मोटरसाइकलको तुलनामा अत्यन्त सस्तो मूल्य रहेकाले युवा यस्ता चोरीका मोटरसाइकल तर्फ आकर्षित भएका उनको भनाइ थियो। अहिले रुपन्देही प्रहरीको 'क्लिन स्वीप अपरेसन' पनि यस्तै युवालाई केन्द्रित गरि ल्याइएको भन्दै यस क्रममा प्रहरीले चोरीको मोटरसाइकलसहित लागुऔषधमा सातवटा मुद्दा दर्ता गरेको उनले जानकारी दिए।

# नेपालगञ्जका घर 'मेट्रिक' प्रणालीमा

**टुडे समाचारदाता**

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकामा 'मेट्रिक' घर नम्बर प्रणाली विहिबारदेखि सुरु भएको छ।

नेपालगञ्ज-१२ बीपी चोकमा 'विपी मार्ग रोड नेम प्लेट' को शुभारम्भ गर्दै नगरप्रमुख प्रशान्त विष्टले मेट्रिक घर प्रणाली सुरु गरेका हुन्। रोड नेम प्लेटको शुभारम्भपछि नगरप्रमुख विष्ट र उपप्रमुख कमरुद्दिन राईले उपमहानगरपालिका कार्यालयमा घर नम्बर प्लेट राखेर अभियानको सुरुआत गरेका थिए।

पहिलो चरणमा वडा नं १२ का ५० घरमा परीक्षणका रूपमा नम्बर प्लेट राखिने उपमहानगरपालिकाका इन्जिनियर चन्दनराज दासले जानकारी दिए। पहिलो चरणमा परीक्षणका रुपमा घर नम्बर प्लेट राख्न सुरु गरिएको उल्लेख गर्दै दासले वडा नं १ देखि २३ का सबै घरलाई मेट्रिक घर नम्बर प्रणालीमा जोड्ने लक्ष्य रहेको बताए। चालू आर्थिक वर्षमा वडा नम्बर १ का लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

सो प्रणालीमा मूल सडकको मुख्य विन्दुदेखि मिटर (दूरी) का हिसाबले घरमा 'नम्बरिङ' गरिन्छ । मूल सडकको मुख्य विन्दुदेखि जति दूरी (मिटर)मा घर अवस्थित छ, त्यति नै नम्बर उक्त घरलाई दिइनेछ । मुख्य विन्दुदेखि दायाँतिर जोड नम्बर र बायाँतिर बिजोर नम्बर राखिने दासले जानकारी दिए।

मेट्रिक घर नम्बर प्रणालीमा सफ्टवेयरमा घरको फोटो, घरधनीको नाम, कित्ता नम्बरलगायत सामाजिक, आर्थिक तथ्याङ्क प्रविष्ट गरिएको बताइएको छ । "परीक्षणका रूपमा जापान अन्तर्राष्ट्रिय सहयोग नियो (जिआइजेड) ले हामीलाई उपलब्ध गराएको सफ्टवेयरमा घरको डाटा इन्ट्री गरेपश्चात दोस्रो चरणमा नम्बर प्लेट राख्छौं", इन्जिनीयर दासले भने, "यो प्रणाली सुरु भएपछि नागरिक (सेवाग्राही) को घर-घर जानुपर्दैन, आवश्यक सूचना सफ्टवेयरबाटै लिन सकिन्छ।"

नेपालगञ्जमा पहिलो चरणमा १० ठाउँमा रोड नेम प्लेट राखिनेछ। हाललाई कौशल्या मार्ग, विपी मार्ग, इदगाहा मार्ग, प्रगतिनगर मार्ग, आदर्शनगर मार्ग, कर्मशा मार्ग, शीतलनगर मार्ग, कस्तुरी मार्ग, बागेश्वरी मार्ग र खजुरा रोड नामका रोड नेम प्लेट राखिने उपमहानगरपालिकाले जनाएको छ।

नगरप्रमुख विष्टले नगरलाई 'डिजिटलाइज' गर्ने अभियानमा लागिपरेको बताउँदै नागरिक-स्थानीय सरकारबीच सहज पहुँचका लागि घर नम्बर प्रणाली लागू गरिएको उल्लेख गरे। नगरको एकीकृत दिगो विकास र समृद्धिका लागि उपमहानगरपालिकाले थुप्रै योजना अघि सारेको जनाउँदै विष्टले प्रविधिको उच्चतम् प्रयोग गरेर अघि बढ्ने लक्ष्य भएको बताए। उपप्रमुख राईले यसबाट हरेक घरको जानकारी उपमहानगरपालिकालाई हुने हुँदा सहज हुने बताए।

# विपद् व्यवस्थापनका लागि एक लाख बढी स्वयंसेवक तयार



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले विपद् व्यवस्थापन पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीयस्तरमा एक लाख चार सय ४६ स्वयंसेवक तयार गरेको जनाएको छ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको विहिबारको बैठकमा गृहसचिव दिनेश भट्टराईले स्थानीय समुदायको सहभागिता अभिवृद्धिसँगै स्वयंसेवकको पहिचान र परिचालन गर्न 'स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली'को विकाससमेत गरिएको जानकारी दिए । उनले भने, "विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको छु।"

सचिव भट्टराईले विपद् उद्धार तथा व्यवस्थापनका लागि सबै प्रदेशमा 'मल्टिपर्पोज रोवोटिक फायर फाइटिङ' एवं बारुणयन्त्र खरिदको प्रक्रिया तयार भएको बताए। त्यस्तै उनले प्रत्येक प्रदेशमा एउटा मल्टिसिटर एम्बुलेन्स र एक सयवटा फायर पम्प विपद् न्यूनीकरणका लागि निर्माण गरेको बताए।


समितिका सभापति मायाप्रसाद शर्माले जाजरकोटमा गएको भूकम्पमा उद्धारमा समस्या नरहे पनि आवास निर्माणमा ढिला भएको बताए । उनले चिसोका कारण त्रिपालमा बसेका सुत्केरी र ज्येष्ठ नागरिकले ज्यान गुमाउनु परिरहेकाले मन्त्रालयले छिटो आवास निर्माण गरिदिन आग्रह गरे। सांसद मदनकुमारी शाहले अब बन्ने कानुनमा विपद्मा परेका पीडितले राहत पाउने गरी नीति/कार्यविधि निर्माण गर्नुपर्ने बताए।

कानुन अभावको कारण राहत पाउनबाट बञ्चित हुनुपरेको उनले बताए ।सांसद नरपति लुवारले जनता आवास कार्यक्रमको फाइदा अन्यत्र एक/दुई ठाउँमा घर भएका व्यक्तिले उठाउने गरेको बताए। जसका कारण एउटा पनि घर नभएका पीडितले आवासबाट बञ्चित हुनुपरेको पनि उनले बैठकमा जानकारी गराए।

## आँपको ठेक्का सम्बन्धी सूचना

मिथिला नगरपालिका, ढल्केवर चौक देखि २ कि.मी. पूर्वमा हेको लालभित्ती टोलमा १३० वटा आँपको बोटमा (बगैंचामा गाडी जाने सुविधा) ६५ वटा बम्बई र ६५ वटा माल्दहको रुखमा फल्ने आँप ठेक्कामा लगाउनु पर्ने भएको हुँदा ठेक्का लिन चाहने ईच्छु व्यापरीले १० दिन भित्र सम्पर्क गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्क नं. ९७०२६९३५५७, ९८०४३३६९३६



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# दोष कसको ?

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले देशमा नकारात्मकता फैलिरहेको सार्वजनिक रुपमा बताएका छन् । एक वर्षे कार्यकाल पूरा गरेको अवसरमा प्रधानमन्त्रीले देशवासीको नाममा गरेको सम्बोधनमा देशमा नकारात्मकता फैलाइएको बताउनु चिन्ताको विषय हो । प्रधानमन्त्रीले देशमा धैरै सकारात्मक कार्यहरु गरेका छन् । प्रचण्ड देशको तेस्रो पटक प्रधानमन्त्री भएपछिको एक वर्ष पूरा गरेका छन् । प्रधानमन्त्री हुँदाको बखत नेपाली कांग्रेसले साथ छाडेपछि एमालेसित मिलेर प्रचण्ड प्रधानमन्त्री बनेका थिए । तर केही दिनमै उनी एमालेको साथ छाडेर कांग्रेस सहितको गठबन्धन बनाएका छन् । हालको गठबन्धनमा माओवादी, कांग्रेस, जसपा र नेकपा एस प्रमुख रुपमा रहेका छन् । नेताहरुबीच भएको भद्र सहमति अनुसार पहिलो २ वर्ष प्रचण्ड प्रधानमन्त्री हुने, त्यसपछिको १ वर्ष माधवकुमार नेपाल र अन्तिमको २ वर्ष नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुने छन् । गठबन्धनमा तेस्रो ठूलो दल रहेका जसपाले पनि प्रधानमन्त्रीमा दाबी गरेको छ । त्यो स्वभाविक पनि हो । नेपाल नेतृत्वको दल नेकपा एसले राष्ट्रिय मान्यता समेत पाउन सकेको छैन् । जसपा राष्ट्रिय दल हो । प्रधानमन्त्री प्रचण्डलाई कार्यकाल पूरा गरेपछि सत्ता हस्तान्तरण गर्न सकस हुनसक्छ । तर प्रधानमन्त्रीको रुपमा प्रचण्डको कार्यकाल निराशाजनक भने छैन् । यद्यपि देशको अर्थतन्त्र अत्यन्त कमजोर देखिएको छ । ठूला जलविद्युत् आयोजना लगायतका विकास कार्यहरुलाई उपलब्धि मान्नु पर्छ ।तर मिटरब्याजी सम्बन्धी कानुन बनाएर सरकारले राम्रो काम गरेको मान्न सकिदैन् । केही गलत व्यक्तिहरुका कारण देखिएको समस्यालाई राष्ट्रिय समस्याको रुपमा लिएर बनाइएको कानुनको कारण सामाजिक संरचनामाथि नै समस्या आइपरेको छ । सामाजिक रुपमा कपाली तमसुकको आधारमा हुने लेनदेनले अर्थतन्त्रलाई मात्र चलायमान बनाएको थिएन् । त्यसले मानिसको उपचार, बिहाबारी, शिक्षा, जग्गा जोड्ने, वैदेशिक रोजगारी लगायतका कामहरुमा ठूलो सहयोग पुगिरहेको थियो ।अहिले त्यो अवस्था छैन् ।सरकारले यस्ता निर्णयहरु लिँदा त्यसको दूरगामी प्रभावबारे गहन अध्ययन गरेको देखिएन् । तर समग्रमा प्रधानमन्त्रीको कार्यकाललाई सकारात्मक रुपमा नै लिनु पर्छ । देशमा संघीय लोकतान्त्रिक गणतन्त्रमाथि देखिएको संकटको जरो प्रधानमन्त्री प्रचण्ड मात्र नभइ देशका सबै दलका शीर्ष नेताहरु दोषी हुन् । आम नेपालीले सुशासनको अनुभूति गर्न पाएको भए गणतन्त्र विरोधीहरु सल्बलाउने अवसर आउने थिएन् । देशमा बढेको भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती लगायतका कारण नागरिकमा व्यवस्थाप्रति नै धारणा खराब हुन लागेको छ । यसको जिम्मेवार सबै शीर्ष नेताहरु हुन् ।

# तस्करी र अपराध नियन्त्रणमा सरकारको पहल

**नारायण ढुङ्गाना**

नेपालमा एक वर्षको अवधिमा सुशासन प्रवर्द्धन, सेवा प्रवाह, तस्करी र अपराध नियन्त्रणमा आशाको सञ्चार छरिएको छ । सुशासन, सामाजिक न्याय तथा सेवा प्रवाहलाई उच्च प्राथमिकता दिएको सरकारले अपराध र तस्करी नियन्त्रणमा महत्वपूर्ण कदम चालेको छ ।

गत वर्ष यही समयमा राष्ट्रिय परिचयपत्र र राहदानी लिन नागरिकको राति २ बजेदेखिको ठेलमठेल भीड अहिले देख्न सकिँदैन । सुन तस्करी तथा नक्कली कागजात तयार पारी राज्यलाई नै हानि पुऱ्याउने (नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने) कार्यको सञ्जाललाई नै ध्वस्त बनाइएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार गठनको एक वर्ष पुग्दा यी र यस्ता केही देखिने तथ्यहरुले गएको वर्ष तस्करी र अपराध नियन्त्रणका दृष्टिले सफल मान्न सकिने राजनीतिक क्षेत्रका जानकारहरु बताउँछन् । सरकारबाट अझै धेरै गर्न भने बाँकी रहेको उहाँहरुको प्रतिक्रिया छ । छिटफुट केही योजना सोचेअनुसार सफल हुन नसकेकाले गति बढाउनुपर्ने स्वयम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बताउँदै आउनुभएको छ । अर्को वर्ष लागेसँगै नयाँ ढङ्गले जाने उहाँले यसअघि नै उद्घोष गरिसक्नुभएको छ ।

अहिले उहाँ मन्त्रालयगत प्रगति विवरण अध्ययनकै चरणमा हुनुहुन्छ भने अधिकांश मन्त्रालयले प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाइसकेका छन् । कार्यालयका एक अधिकारीका अनुसार प्रधानमन्त्री दाहाल सबै अध्ययन र समीक्षापछि अर्को नयाँ चरणको घोषणा गरेर अघि बढ्ने तयारीमा हुनुहुन्छ ।

सरकारले पहलकदमी लिएको एक वर्ष नपुग्दै मिटरब्याजी पीडितका समस्या समाधानको चरणमा अघि बढेको छ । नागरिकता समस्या तथा प्रशासनिक निकायमा हुने ढिलासुस्ती र हैरानी पनि कम भएको छ । छिटोछरितो रुपमा राष्ट्रिय परिचयपत्र पाउने वातावरण बनेको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत अब जनताले हैरानी खेप्नुपर्ने अवस्था नरहेको बताउनुहुन्छ । दशकौंदेखि जकडिएर रहेको मिटरब्याजी समस्याका कारण तराईका कैयौं नागरिक घरबारविहीन भएका थिए । कतिपय पीडित हिंसामा परेका थिए । आफ्नै छोरी चेलीहरु साहुबाट जोगाउन मुस्किल भएको थियो ।

अझ दिन दुई गुणा रात चौगुणा मिटरब्याजको थिचोमिचोले भयभित नागरिक घर छाडेर हिँड्न बाध्य परेको अवस्थाबाट पीडितले विस्तारै राहत पाउन थालेका छन् । झण्डै नौ महिनाको अवधिमा उक्त समस्या एक चरणमा हल भएर मिटरब्याज अपराधका रुपमा परिभाषित भई कानुन तर्जुमा भएकाले अब विगतमा जस्तो मिटरब्याजबाट नेपाली नागरिकले हैरानी खेप्नुपर्ने अवस्थाको अन्त्य भएको उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ बताउनुहुन्छ ।

सुन तस्करी नियन्त्रणमा पनि सरकारले ठूलो पहलकदमी लिँदा सङ्गठित तस्कर, विचौलिया, सहयोगीहरु पक्राउ परेका छन् भने पछिल्लो एक वर्षमा मात्रै झण्डै १०० किलो सुन बरामद गरिएको छ । गृहमन्त्री श्रेष्ठले मन्त्रालय सम्हालेपछि पहिलो निर्णय नै सुराकी खर्च हटाउने निर्णय गरेर सुशासनको जग तयार पार्नुभएको थियो । यसले हरेक महिना गृहमन्त्री र सचिवले कानुनी आधार बिनै लिन पाउने लाखौं रकम जोगिएको छ । त्यसपछिका दिनहरुमा गृह मन्त्रालयबाट लगाताररुपमा शान्ति सुरक्षा, अमनचलन कायमका सवालका साथै चोरी, तस्करी, अपराध नियन्त्रणमा ठोस कदम चालिएको छ । अर्को महत्वपूर्ण घटना भुटानी शरणार्थी बनाई अमेरिका पठाउने गिरोहको सेटिङ नै भत्काइएको छ । उक्त कदमको सर्वत्र प्रशंसा भएको छ । शरणार्थी प्रकरणमा राजनीति व्यक्तिदेखि उच्च सरकारी कर्मचारी तथा विचौलियालगायतका व्यक्तिहरु पक्राउ परेका छन् । उनीहरु अहिले पुर्पक्षका लागि कारागारमा छन् भने केही कारागार बाहिर बसेर मुद्दा लडिरहेका छन् ।

वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले अनलाइन माध्यमबाटै श्रम अनुमति आवेदन दिने तथा सामाजिक सुरक्षाको दायरामा ल्याउने काम पनि भएको छ । दुई-दुई पटक सङ्घीय संसद्ले पारित गरी राष्ट्रपति कार्यालय पठाइएको नागरिकता विधेयक यसपटक भने टुङ्गोमा पुगेको छ । राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणित विधेयक ऐनका रूपमा कार्यान्वयन आइसकेको छ ।

यसले लामो समयदेखि आफ्नै देशमा पनि अनागरिक भएर बसेका नागरिकले नेपाली नागरिकता प्राप्त गर्न थालेका छन् । यस्तै गैरआवासीय नेपालीले समेत नागरिकता प्राप्त गर्ने बाटो खुलेको छ । धेरैले नागरिकता समेत प्राप्त गरिसकेका छन् । गृह मन्त्रालयअन्तर्गतका निकायमा योग ध्यान शिविर चलाएर सरकारले कर्मचारी वर्गमै नयाँ सन्देश दिएको छ ।

### सुराकी खर्च खारेज

गृहमन्त्री श्रेष्ठले गत चैत १७ गते गृह मन्त्रालयमा पद बहाल हुनुभएको थियो । सरकारको एक वर्ष पुग्नै लाग्दा गृहमन्त्रीको एक वर्ष पुगेको छैन । तर पनि मन्त्री श्रेष्ठले सम्हालेको गृहले महत्वपूर्ण पहलकदमी लिएको छ । गृहको पुरानो चलन गृहमन्त्री र गृहसचिवले सुराकीको नाममा लाखौं खर्च गर्न पाउने कार्यविधिलाई खारेज गर्ने फाइलमा हस्ताक्षर गरी उहाँले पदबहाली गर्नुभएको थियो ।

त्यो रकमको अडिट, भरपाई बिलिङ नै हुँदैनथ्यो । आवश्यकताका आधारमा सुराकी खर्च भनेर गृहमन्त्री र सचिवबाट सामान्यतया १५ देखि २५ लाखसम्म मासिक खर्च हुन्थ्यो त्यसलाई गृहमन्त्री श्रेष्ठको प्रस्तावमा सरकारले खारेज गरिसकेको छ ।

### मिटरब्याजी समस्या समाधान

गत वर्षको यो समयमा मिटरब्याजी पीडित जिल्लामा आन्दोलित थिए । सरकारसँग विभिन्न माग राखेर आन्दोलनमा उत्रिएका उनीहरु केही सीप नलागेपछि चैतमा राजधानी केन्द्रित भए । सरकारले द्रुतगतिबाट उनीहरुको समस्या समाधानको बाटो समाएको थियो । सरकार गठनको एक वर्ष नबित्दै उक्त समस्याले समाधानको बाटो समाएको छ ।

विशेषत तराईमा मिटरब्याजमा लगाउने चलन थियो । गृहमन्त्री श्रेष्ठको सचिवालयका अनुसार यस विषयमा गृहमन्त्री श्रेष्ठ पहिलै जानकार हुनुहुन्थ्यो । मधेसमा एक लाख दिएर पाँच लाखको चेक लिने, पाँच लाख दिँदा २५ लाखको चेक लिने वा जग्गा जमिन लिने गरिन्थ्यो । विदेश जानेले एक/डेढ लाख रकम सापटी लिँदा १०/१५ लाखको जग्गा लिने पुरानो जकडिएको अपराध थियो । कानुनको अभावमा नहुँदा साहुले बनाएको कागज नै कानुनी आधार हुँदा धेरै पीडितहरु मुद्दा खेपेर थप पीडित बनेका थिए ।

मन्त्रालयमा आएको एक सातामै उहाँले मिटरब्याजीपीडितको माग सम्बोधन गर्नुभएको गिरी स्मरण गर्नुहुन्छ । त्यसबेला गृहमन्त्री श्रेष्ठले भन्नुभएको थियो, "ऐन ल्याएर समस्या हल गर्छु अहिलेको अवस्थामा सामन्तवादीजस्तो अपराध र अन्यायपूर्ण कुरालाई हल गर्छु ।" त्यति सहज नभएको उक्त काम प्रधानमन्त्री प्रचण्डको पूर्ण साथ र गृहमन्त्रीको आफ्नै पहलमा कानुन नै बनेर आएको र जाँचबुझ आयोगले काम सम्पन्न गरेको छ । सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगमा २८ हजार निवेदन परेकामा हासम्ममा पाँच हजार एक सय ५५ उजुरीमा मिलापत्र भएको छ । आयोगका सदस्य पूर्वएआइजी उत्तमराज सुवेदीका अनुसार आयोग गठन भएपछि यसरी मिलापत्र गरी २१८ बिघा, १० कट्ठा, ०७ धुर जग्गा (७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको छ । कूल रु एक अर्ब ७२ करोड ८६ लाखको कारोबार दुवै पक्षबीचको सहमतिमा मिलापत्र भएको छ । अहिलेसम्म ३९ जिल्लामा अनुचित लेनदेनको समस्या समाप्त भएको छ ।

अब अनुचित लेनदेनको उजुरी तथा समस्यालाई गृहमन्त्रालय र अन्तर्गतका जिल्ला प्रशासन कार्यालयले टुङ्गो लगाउने गरी आयोगले प्रतिवेदन बुझाएको छ । संसद्ले यससम्बन्धी कानुनसमेत पारित गरी कार्यान्वयनमा आइसकेको छ ।

### भुटानी शरणार्थी काण्ड

अर्को डरलाग्दो काण्ड हो सक्कली नेपालीहरुलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने अपराध । यो राज्य संयन्त्रकै उपस्थितिमा भएको जघन्य अपराध थियो । भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भन्दै करोडौं रकम असुली गरेको आरोपमा प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले गत चैत १२ मा मोरङका केशव दुलाल, ललितपुरका सानु भण्डारी र पाँचथरका टेक गुरुङलाई पक्राउ गरेको थियो ।

उनीहरुका बयानका आधारमा प्रहरीले लहरो तान्दै जाँदा बहालवाला सचिव तथा राजनीतिक उच्च नेतृत्वसम्म पुग्यो । उक्त मुद्दामा ३० जनाविरुद्ध झण्डै रु २९ करोड बिगो दाबीसहित मुद्दा दायर भएको थियो । जिल्ला अदालत काठमाडौंले पक्राउ परेकामध्ये १६ जनालाई पुर्पक्षका लागि कारागार पठाएकामा पछि पुनरावेदन हुँदा पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहितका केही व्यक्तिहरु धरौटीमा छाडिएका छन् भने पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन बहालवाला सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजित राईलगायत कारागारमै छन् ।

### सुन काण्ड

अघिल्लो माघमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विद्युतीय चुरोट (भेप) मा लुकाइछिपाइ ल्याएको नौ किलो सुन प्रकरण र ब्रेक शुमा हालेर ल्याइएको ६१ किलो सुन गत साउन २ गते विमानस्थलको भन्सार कार्यालय अगाडि बरामद गरिएको प्रकरणले नेपालमा सुन कसरी भित्रिन्छ भन्ने तथ्य उजागर गरिदिएको छ ।

उक्त प्रकरण अनुसन्धानमा स्वदेश र विदेशका ठूलो गिरोह सक्रिय रहेको पाइएको छ । सरकारले असोज १४ मा उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गरेकोमा अहिले आयोगले काम गरिरहेको छ ।

ती ठूला सुन काण्डको अनुसन्धान जारी रहँदा गत भदौ ३ र असोज १३ गते रसुवा नाकाबाट तीन किलो, असोज १० र ११ गते दोलखाबाट सात किलो सुनसहित केही व्यक्तिलाई समात्यो । मङ्सिर २१ गते राति १४ किलो सुनसहित गोरखा बारपाकका चन्द्र घलेसहितका व्यक्तिहरु समातिएका छन् । त्यसको केही दिनमै न्युरोड र नागढुङ्गाबाट नौ किलो सुन बरामद गरी पाँच जना पक्राउ परे ।

प्रहरीबाट प्राप्त विवरणमा पछिल्लो १० वर्षमा तस्करी गरेर ल्याइएको सात सय किलो सुन बरामद भएको छ । सुन ओसारपसारमा संलग्न छ सयभन्दा बढी समातिएका छन् । सुन भित्रिने अवैध बाटोको पहिचान र सुन ल्याउने तस्कर खोज्ने काम अझै पनि जारी छ ।

### ललिता निवास काण्डमा उथलपुथल

अर्को सरकारी जमिन घोटालाको नमूना उदाहरण रहेको ललिता निवास काण्ड २०४९ देखि २०६९ को समयभित्रको हो । त्यसको फाइल खोलेर सरकारले अर्को महत्वपूर्ण कदम अघि बढाएको छ । विसं २०४९ देखि २०६९ सम्ममा नक्कली मोही खडा गरेर ललिता निवासको १४३ रोपनी जग्गा व्यक्तिका नाममा ल्याइएको थियो ।

यस प्रकरणमा पूर्वमन्त्री, पूर्वसचिव, पूर्वकर्मचारी, नक्कली मोही, व्यवसायीलगायतविरुद्ध मुद्दा दर्ता भएको छ । सरकारी लिखत कीर्ते अभियोगमा जिल्ला सरकारी वकिलको कार्यालयले भदौ १० गते उक्त मुद्दामा ३१० जनाविरुद्ध अभियोजन दर्ता गरेको थियो ।

### गृह प्रशासन सुधारको पहल

सरकारले गृह प्रशासन सुधारको पहल पनि सुरु गरेको छ । प्रधानमन्त्री प्रचण्डसँगको परामर्शपछि उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले गृह प्रशासन सुधारका लागि नीतिगत पहल थाल्नुभएको हो ।

उहाँले गृह प्रशासनको नीतिगत सुधारको सुझाव पेस गर्नका लागि यही कात्तिक २६ गतेको निर्णयले पूर्वमुख्यसचिव लिलामणि पौडेलको संयोजकत्वमा एक समिति र अन्य पाँच उपसमिति गठन गरेर आवश्यक कार्यादेश दिनुभएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन गृह मन्त्रालय र अन्तर्गतका निकायको प्रभावकारिताका लागि आवश्यक सुझाव दिने गरी पौडेलको नेतृत्वमा समिति बनाइएको हो । "गृह प्रशासनलाई सबल र सक्षम बनाउन, जनताको सुरक्षाको निश्चितता गर्न र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्यसम्पादन चुस्त हुनु जरुरी छ", श्रेष्ठले भन्नुभयो, "यस प्रक्रियामा देखिएका समस्या तथा कमीकमजोरी र चुनौती पहिचान गरी सुधारका क्षेत्र तथा उपायहरू र त्यसको कार्ययोजनासमेत तयार गर्नु जरुरी देखिएकाले यो समिति बनाइएको हो ।"

शान्ति सुव्यवस्था कायम राख्न, सेवालाई पारदर्शी, परिणाममुखी तथा चुस्त बनाउन, सङ्गठन तथा कर्मचारीलाई उत्तरदायी, सक्षम एवम् जवाफदेही बनाउन, नीतिगत, कानुनी तथा कार्यगत सुधारका क्षेत्रहरू पहिचान र कार्ययोजनाहरू तर्जुमा गर्न अध्ययन समिति तथा विषयगत उपसमितिहरूले सुझवा पेस गर्ने छ ।

### केही बाकी गर्न काम

केही कामहरु भने थाती नै छन् । लामो समयदेखि प्रहरी समायोजन हुन नसकेकाले त्यसलाई अघि बढाउन जरुरी रहेको छ । एक चरणको छलफल भइसकेको र प्रदेशका मन्त्रीहरुबाट ध्यानाकर्षण गराइसकेकाले पनि सरकारले यसलाई गम्भीर चासोका साथ काम गरिरहेको जनाइएको छ । तीनै तहका सरकारको कामकारबाहीका बारेमा भएका बेमेल, शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनेदेखि सुरक्षा निकायबाट हुने गरेका कमीकमजोरीमा अझै पनि ठोस काम हुन नसकेको गुनासाहरु देखिएका छन् ।

चोरी तस्करी नक्कली कागजात बनाएर विदेश पठाउने गिरोहहरुको सक्रियता बढिरहेको छ । युवाहरु विदेश पलायन हुने क्रम जारी छ, रोजगारीका नाममा मानव तस्करी बढिरहेको छ । यसतर्फ पनि सरकारले कदम अघि बढाउन जरुरी छ । यद्यपि सरकारी कर्मचारीले कमिसन खाएर भिजिट भिसामा नक्कली कागजातका आधारमा विदेश पठाउने गरेको पाइएकाले त्यसविरुद्ध अहिले कारबाही अभियान चलिरहेको छ । अहिलेसम्म ३५ जनाभन्दा बढीलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ । अझै पनि नागरिकले सोचेअनुसारको सेवा पाउन नसकेकोतर्फ पनि सरकार सचेत हुनुपर्ने नागरिकहरुबाट गुनासो छ ।

# सरकारको एक वर्ष, सञ्चार क्षेत्रमा नीतिगत पहल



**बबिता बस्नेत**

२०४७ सालको संविधानले मौलिक हकको रुपमा सूचनाको हक र छापाखाना तथा प्रकाशनसम्बन्धी हकलाई विशेष महत्व दिई पहिलोपटक स्थापित गऱ्यो । संविधानप्रदत्त उक्त हकलाई कार्यान्वयन गर्दै २०४८ मा छापाखाना र प्रकाशनसम्बन्धी ऐन जारी गरी कार्यान्वयनमा आयो भने २०४९ मा राष्ट्रिय सञ्चार नीति बनाई लागू गरियो । उक्त नीतिले पत्रपत्रिका, प्रसारण, सूचना, सरकारी क्षेत्रमा रहेका सञ्चार माध्यमदेखि हुलाक, दूरसञ्चार, चलचित्र हुँदै प्रेस काउन्सिलसम्म सूचना तथा सञ्चारसम्बन्धी सम्पूर्ण निकायलाई समेटेको थियो ।

विसं २०६२/६३ को आन्दोलनपछि गठित सरकारले मुलुकका विभिन्न क्षेत्रमा परिवर्तनका लागि नीतिगत प्रयास सुरु गऱ्यो । यसैक्रममा पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि उच्चस्तरीय मिडिया आयोग गठन भयो । संविधान तथा कानुनविद् राधेश्याम अधिकारीको अध्यक्षतामा गठित १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोगमा सहभागी हुने अवसर व्यक्तिगत रुपमा मलाई पनि मिलेको थियो । विसं २०६३ असार १९ गते मन्त्रिपरिषद्ले निर्णय गरी गठन भएको आयोगको समयावधि जम्मा दुई महिना मात्र तोकिएको थियो । आयोगले समयसीमाभित्रै कार्य सम्पन्न गर्न विभिन्न समिति बनाएर काम गऱ्यो । प्रत्येक दिन बिहान सबेरैदेखि राति अबेरसम्म समितिका सदस्यले अथक परिश्रम गरेर तयार गेरको प्रतिवेदनमा पत्रकारिता क्षेत्रको पुनःसंरचनाको निम्ति विविध पक्षमा सुझाव समावेश गरियो ।

### आमसञ्चार नीति

नेपालको संविधान (२०७२) जारी भएपछि फेरि राष्ट्रिय आमसञ्चार नीति बन्नुपर्ने विषय प्राथमिकतामा पऱ्यो । सरकारले कानुनविद् काशीराज दाहालको अध्यक्षतामा नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालका अध्यक्षसहित पत्रकारका आस्थागत तथा विषयगत सङ्घ सङ्गठन र विज्ञसमेत सहभागी गरेर सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति गठन गऱ्यो । समितिले लामो समयको विस्तृत अध्ययनपछि सरकार समक्ष प्रतिवेदन बुझायो । तत्कालीन सूचना तथा सञ्चार मन्त्री शेरधन राईको तदारुकताका कारण समितिले बुझाएको दुई दिनमै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले जस्ताको तस्तै रुपमा राष्ट्रिय आमसञ्चार नीति २०७३ जारी गऱ्यो । २०७३ साउन ७ गते जारी यो नीतिले सञ्चार नीति २०४९ लाई प्रतिस्थापित गऱ्यो ।

राष्ट्रिय आमसञ्चार नीति २०७३ आमसञ्चार क्षेत्रको पछिल्लो नीति हो । यसका आधारमा विज्ञापन ऐन जारी भइसकेको छ भने मिडिया काउन्सिल, आमसञ्चार र अन्य सञ्चार कानुन निर्माणका चरणमा छन् । आमसञ्चार नीतिकै व्यवस्थालाई कार्यान्वयन गर्नका लागि २०७३ पुसमा सरकारले काशीराज दाहालकै अध्यक्षतामा सूचना तथा सञ्चार, अर्थ, कानुन र मन्त्रिपरिषद्को कार्यालयका सचिव र पत्रकारसमेत रहेको राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयन सुझाव उच्चस्तरीय समिति गठन गरेको थियो ।

आमसञ्चार नीति २०७३ ले परिकल्पना गरेका ऐनहरुको मस्यौदा र भइरहेका केही ऐनहरुको संशोधन समितिको मुख्य कार्य थियो । यो पृष्ठभूमिलाई हेर्दा प्रजातन्त्रपछिका विभिन्न सरकारले नेपालको आमसञ्चार क्षेत्रलाई व्यवस्थित गर्नका लागि केही न केही प्रयास गरेको देखिन्छ । तर ती प्रयास ठ्याक्कै टुङ्गोमा भने कमै मात्रामा पुग्ने गरेका छन् ।

### पछिल्लो एक वर्षमा भएका प्रयास

सञ्चार, सूचना तथा प्रविधिमन्त्रीको रुपमा रेखा शर्माले कार्यभार सम्हालेपछि आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि आवश्यक नीति, कानुन तथा नियमनका विषयमा सुझाव दिन सरकार (मन्त्रीस्तरीय) ले २०७९ फागुन २६ गते आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन गऱ्यो । डा सुरेश आचार्य संयोजक, विपुल पोखरेल, डा महेन्द्र विष्ट, गोविन्द आचार्य र बबिता बस्नेत सदस्य रहेको उक्त समितिले सार्वजनिक सेवा प्रसारण विधेयकमाथि गर्नुपर्ने सुधार र सोको पुष्ट्याई, नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदा, राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा र नेपाल आमसञ्चार प्रशिक्षण प्रतिष्ठानसम्बन्धी गरी चार वटा विधेयकको मस्यौदा गरी गत जेठ १९ गते सरकारलाई बुझायो ।

समितिले अन्य नीतिगत तथा संरचनागत सुधारअन्तर्गत सरकारी सञ्चारमाध्यमको पुनःसंरचना, डिजिटल मिडिया तथा सामाजिक सञ्जाललगायतका विषयमा पनि सुझाव पेश गरेको थियो । डिजिटल मिडिया तथा सामाजिक सञ्जालका विषयमा समितिले दिएको सुझावमा प्रतिवेदनमा भनिएको थियो- 'डिजिटल मिडिया र सामाजिक सञ्जाल सूचना प्रविधिले सिर्जना गरेको नयाँ अवसर हो । नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सशक्त माध्यमको रुपमा यसलाई आत्मसात् गर्नुपर्दछ । यसलाई नियन्त्रण गर्ने सोच राख्नुहुन्न तर यसको प्रयोगलाई मर्यादित र व्यापारिक पक्षलाई पारदर्शी बनाउन नियमनको जरुरी छ । सूचना, प्रविधि विधेयकमा यसको प्रयोग, सञ्चालन प्रक्रिया र नियमनको स्पष्ट व्यवस्था हुनुपर्दछ ।'

उल्लेखित सुझाव कार्यान्वयनका लागि सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले काम अघि बढाएको देखिन्छ । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० जारी गरिएको छ भने नेपाल मिडिया काउन्सिल विधेयक र राष्ट्रिय आमसञ्चार विधेयकमा सार्वजनिक रुपमा सुझाव आह्वान गरिएको छ । यद्यपि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नका लागि निर्देशिकाभन्दा पनि कानुनकै आवश्यकता छ ।

### सामाजिक सञ्जाल निर्देशिकामा के छ ?

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सरकारले २०८० मङ्सिर ११ गते जारी गरेको निर्देशिकामा गरिएका मुख्य व्यवस्थामा सामाजिक प्लेटफर्मलाई सूचीकरण गर्ने, सूचीकरण नभएका प्लेटफर्मलाई सरकारले रोक लगाउन सक्ने, सामाजिक प्लेटफर्म सञ्चालकले प्रत्येक तीन वर्षमा आफ्नो विवरण अद्यावधिक गर्नुपर्नेलगायतका कुरा छन् ।

यसैगरी सामाजिक सञ्जालमा गर्न नहुने कार्यमा बेनामी, फेक आइडी बनाएर प्रयोग गर्न नहुने, वर्ग, जाति, समुदायलाई लक्षित गरी अभिव्यक्ति शेयर गर्न नहुने, बालश्रम, बेचबिखन, छुवाछूतलगायतका कानुनले बर्जित गरेका कुरालाई प्रचारप्रसार गर्न नहुने, हेट स्पीचको प्रयोग गर्न नहुने, मित्थ्या र भ्रामक सूचना सम्प्रेषण गर्न नहुने, साइबर बुलिङ्ग मानिने कार्य गर्न नहुनेलगायत अन्य कानुनले निषेध गरेका कार्य गर्न नहुने उल्लेख छ ।

निर्देशिकामा गुनासो व्यवस्थापनको व्यवस्था गरिएको छ । सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा सामाजिक सञ्जाल व्यवस्थापन एकाइको व्यवस्था गरी उक्त एकाइले गुनासो सुन्ने व्यवस्था गरिएको छ । गुनासो सुनुवाइ गर्दा महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका मुद्दालाई प्राथमिकता दिनुपर्ने गरी निर्देशिकामा विशेष व्यवस्था गरिएको छ । यता सूचना प्रविधिसम्बन्धी ऐन पनि मस्यौदाको क्रममा रहेकाले निर्देशिकाको कार्यान्वयनभन्दा बढी कानुनको पूर्णतालाई महत्व दिनुपर्ने बिवज्ञहरुको राय रहेको छ ।

### प्राथमिकतामा रहेका विधेयकहरू

जनताप्रतिको उत्तरदायित्व प्रमुख रहने मान्यता रहेको पब्लिक सर्भिस ब्रोडकास्टिङ (पिएसबी) अब पारित हुने मिडियासम्बन्धी विधेयक हो । राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा छलफलपछि शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेका कारण यसलाई पारित गर्न समय नलाग्न सक्छ । तर पारित गर्नुअघि समितिका सदस्यले विधेयकमा आएका सुझावलाई विधेयकमा संलग्न गर्नु आवश्यक छ । अहिले समितिमा रहेको विधेयकमा सार्वजनिक सेवा प्रसारणमा पदाधिकारीको नियुक्तिदेखि अन्य बिभिन्न दफामा संशोधन परेको छ, जसलाई समितिका अधिकारीले गम्भीरतापूर्वक लिई समावेश गर्नु उपयुक्त हुन्छ ।

यसैगरी मिडिया काउन्सिल र राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकमा सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले मस्यौंदा बेवसाइटमा राखेर सुझाव मागेको अवस्था छ । राष्ट्रिय आमसञ्चारसम्बन्धी ऐन समग्र मिडिया क्षेत्रको छाता ऐनको रुपमा आएको छ । जसमा आमसञ्चार संस्थाको दर्ता, इजाजत, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको व्यवस्था गरिएको छ ।

यसैगरी पत्रपत्रिकासम्बन्धी व्यवस्थामा पत्रपत्रिकाको दर्तालगायतको व्यवस्था गरेको छ भने अनलाइन सञ्चार माध्यमसम्बन्धी व्यवस्था पनि यसमा गरिएको छ । प्रसारण र फ्रिक्वेन्सीसम्बन्धी व्यवस्था, आमसञ्चार संस्थाको स्वामित्व हस्तान्तरणदेखि अन्य विभिन्न व्यवस्था पनि यस विधेयकमा गरिएको छ । यी विधेयकलाई यथाशक्य चाँडो संसद्मा पेश गर्ने, लामो प्रक्रियामा गएर अल्झिनुभन्दा ऐनकै लागि अघि बढ्ने र सोहीअनुसारको संरचना निर्माण गरी कार्यान्वयनमा लैजान सक्ने हो भने यो एक वर्षमा भएका यी महत्वपूर्ण पहलले सार्थकता प्राप्त गर्नेछन् ।

# ‘घरजग्गा कारोबारको हदबन्दी हटाउन सरकार प्रयत्नशील छ’



**टुडे समाचारदाता**

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठले घरजग्गा कारोबारमा रहेको हदबन्दी हटाउन सरकार प्रयत्नशील रहेको बताएका छन् ।

नेपाल आवास तथा जग्गा विकास सङ्घको आयोजनामा विहिबारदेखि सुरु भएको ‘आठौँ घरजग्गा मेला’ को उद्घाटन गर्दै उनले भूमि व्यवस्था मन्त्रालयको अधिकार क्षेत्रअन्तर्गत पर्ने विषयमा मन्त्रालयले निरन्तर रुपमा कानुनी सुधार गर्दै आएको बताएका हुन् ।

“भूउपयोग ऐन, २०७६ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकारबाट जारी भएको भूउपयोग नियमावली, २०७९ मा पहिलो संशोधन गरी कित्ता काटको प्रक्रियालाई सहजीकरण गरेका छौँ, हदबन्दी समस्या हटाउन सरकार प्रयत्नशील छ”, उनले भने ।

मन्त्री श्रेष्ठले ‘रियल स्टेट’ क्षेत्रको विकासमा महत्वपूर्ण प्रभाव पार्ने जग्गाको हदबन्दी हटाउने विषयलाई मन्त्रालयले राम्रोसँग बुझेको र सोहीअनुसार काम गरिरहेको उल्लेख गरे । उनले प्रभावकारी भूमिबजार प्रणालीको स्थापनाले घरजग्गा कारोबार निष्पक्ष, पारदर्शी एवं सहज भई यस क्षेत्रमा विश्वास र स्थायित्वको वातावरण सिर्जना हुने भएकाले भूमि बजार सम्बन्धी कानुन निर्माणतर्फ पनि सरकार अघि बढिरहेको बताए ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्लले सरकारले व्यवसायीलाई खुला ढङ्गले काम गर्ने वातावरण निर्माण गर्नुपर्ने बताए । “मन्दीमा रहेको नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन आठौँ घरजग्गा मेलाले सहयोग पुग्ने विश्वास लिएको छु”, उनले भने । अध्यक्ष मल्लले नेपालमा घरजग्गा कारोबारबाट वार्षिक रु ५० अर्बभन्दा बढी राजस्व सङ्कलन भइरहेकाले यस क्षेत्रलाई चलायमान बनाउनका लागि राज्यले विशेष भूमिका खेल्नुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले पछिल्लो समय निजी क्षेत्रले अर्थतन्त्र ठिक गतिमा गएको महसुस गरिरहेको उल्लेख गर्दै पूर्वाधारमा लगानी गर्ने वातावरण बनाउन सरकारलाई आग्रह गरे । उनले सरकारले निर्माण व्यवसायीको भुक्तानी हुन बाँकी रु ४० अर्ब चाँडो भुक्तानी गर्नुपर्ने बताए ।

सङ्घका वरिष्ठ उपाध्यक्ष एवं सिडि इनोभेटिभ डिजाइन एण्ड कन्ट्रक्सन प्रालिका अध्यक्ष इञ्जिनीयर दिपक कुँवरले घरजग्गा मेलाले क्रेता तथा बिक्रेताबीचको असमझदारीलाई सम्बोधन गर्ने र अहिलेको अवस्थामा आर्थिक अवस्थालाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले सुरक्षित आवासको क्षेत्रमा योगदान दिएका घरजग्गा व्यवसायीका समस्या समाधानका लागि मन्त्रालयले आवश्यक नीति नियमलाई सुधार गर्न आवश्यक रहेको उल्लेख गरे ।

मेलामा २५ कक्ष घरजग्गासँग सम्बन्धित र बाँकी घरजग्गासँग सम्बन्धित बैंक तथा फाइनान्स कम्पनी, इन्स्योरेन्स कम्पनीका कक्षका साथै होम एप्लाइन्स, टायल्स, सेनिटरी, फर्निचर, विद्युतीय सामग्री, सिमेन्ट, सजावटका सामान, स्टिल, फर्निचर, सिसा, काठ, ढुङ्गालगायत निर्माण सामग्री राखिएका छन् ।सङ्घका अध्यक्ष विदुर धमलाले चार दिनसम्म चल्ने मेलाको एक लाख ५० हजार व्यक्तिले अवलोकन गर्ने र रु दुई अब ५० करोडभन्दा बढी मूल्यको कारोबार हुने बताए ।

# एक वर्षमा एउटा कानुन बनाइयोभन्दा अप्ठ्यारो लाग्छ : सांसद

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) की नेत्री एवं प्रतिनिधिसभा सदस्य मेनका पोखरेललाई सरकारको नेतृत्व गरिरहेका पहुँचवाला नेताहरूले आ-आफ्नो जिल्लामा बढी बजेट छुट्याउने तर विकासको प्रतीक्षामा बसेका र कतै पहुँच नभएका भुइँमान्छेलाई बेवास्ता गर्ने परिपाटी गलत लाग्छ ।

यो प्रवृत्ति सही होइन भन्नेमा देशभित्र निरन्तर बहस हुँदै आएको छ । सरकारको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक भएलगत्तै हरेक वर्ष यो विषय सर्वत्र उठ्ने र आलोचना हुने गरेको पाइन्छ । पहुँचवाला सांसदका जिल्ला र निर्वाचन क्षेत्रमा हचुवाका भरमा बजेटको ठूलै हिस्सा लैजाने होड चलेको हुन्छ । राज्यका निकायमा पहुँच नपुग्ने जनप्रतिनिधिका जिल्लामा विकासको आशामा जनता बस्नुपर्ने अवस्था अहिले पनि विद्यमान छ ।

“शक्तिको आडमा यसरी आ-आफ्नो जिल्लामा बजेट लैजाने अभ्यास प्राकृतिक स्वभाविक पनि हो, नेत्री पोखरेलले भनिन् । “हुनतः सांसद भनेको विकास निर्माणमा पनि ध्यान दिने, जनताको दुःखसुखमा हातेमालो गर्ने प्रतिनिधि पनि हुन्”, उनले थपिन्, “देशमा सुशासन, विकास र समृद्धिका लागि कानुन बनाउने, नीति तर्जुमा गर्ने र निगरानी गर्ने प्रतिनिधि नै सांसद हुन् ।”

नेपालमा राजनीतिक अभ्यास, जनताको बुझाइ र दलीय स्वार्थका कारण सांसदले स्वतन्त्र ढङ्गबाट काम गर्न नपाएको उनको बुझाइ छ । संसदमा आमरुपमा कुनै एक सांसदभन्दा दलको नेता बढी प्रभावशाली हुने विश्वव्यापी प्रचलन पनि रहेको बताउँदै सांसदलाई स्वतन्त्ररुपमा आफ्ना भनाइ राख्ने वातावरण निर्माण गर्न जरुरी देखिएको उनको भनाइ छ ।

“जनताको बीचमा लोकप्रिय हुन, राम्रो मत पाएर जित्न, म त्यो विकास गर्छु, यो विकास गर्छु भन्नुपर्ने अहिले हरेक सांसदमा बाध्यता छ”, सांसद पोखरेलले भनिन्, “जनतामा लोकप्रिय हुन सांसदले लाग्छ ।” संसद् सञ्चालन गर्न राज्यको ठूलो स्रोतसाधन खर्च हुने गरेको छ तर कानुन बनाउने काम प्रभावकारी रुपमा नहुने र जनताको आवाज बोकेर आएका जनप्रतिनिधिको सुनुवाइ पनि नहुने हुँदा संसदीय अभ्यासमै जनताले प्रश्न उठाइरहेको नेत्री पोखरेलको अनुभव छ । “जनताको प्रतिनिधि भएर सांसदहरू सदनमा आउँछन्, तर जनताको जुन आशा, विश्वास र भरोसा लिएर सदनमा पुग्छौं, त्यस अनुरुप काम हुँदैन”, सांसद पोखरेलले भनिन्, “सांसदले पाउनुपर्ने भूमिका पाएका छैनन् । जनताका सामु काम देखाउने गरी केही पनि काम गर्न सकिएको छैन, जुन दुःखद् पक्ष हो ।”

संसद्मा जनप्रतिनिधिले उठाएका कैयौँ सवालमा सरकारले गम्भीरतापूर्वक नसुनेको उनको अनुभव छ । जनताका सवाल र विभिन्न सरोकारका विषयमा पटक पटक सदनमा कुराहरू उठाउँदा पनि खासै ध्यान नदिएको उनको बुझाइ छ । “सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सांसदको हालत एकै

> “व्यक्तिगतरुपमा आफूले जति गर्नुपर्ने हो, त्यो प्रयास गरिरहेका छौं, तर सामूहिकरुपमा देशको हितका लागि काम गर्ने वातावरण नै भएन” । तथापि नेत्री पोखरेल मुलुकमा विकास र सुशासन विस्तारै कायम हुनेमा आशावादी रहन जनतालाई आग्रह गर्नुहुन्छ । “नेपाली जनता अहिले नै निरास भइहाल्नुपर्ने स्थिति छैन”, उनले आग्रह गरिन्,“राष्ट्रको विकास र समृद्धिमा सबैले ध्यान दिनुपर्छ ।”

न्यायको हिसाबले पनि ठीक होइन”, नेत्री पोखरेलले भनिन्, “विकासको आधारभूत आवश्यकता भएको स्थानमा विकास बजेट छुट्याउनुपर्छ, तर विडम्बना पहुँच र शक्तिका आधारमा बजेट छुट्याएको पाइन्छ ।”

मुलुकमा सङ्घीयता आएर संविधान जारी भएको यतिका वर्ष बितिसक्दा पनि प्रदेश र स्थानीय तहलाई अधिकार दिनुपर्ने ठाउँमा स-साना टुक्रे योजनाका फाइल बोकेर सङ्घीय सांसद मन्त्रालय-मन्त्रालय धाउनु सांसद पोखरेललाई सही लाग्दैन । यही मनोदशा प्रदेश सांसदको पनि सुनिएको छ । “सैद्धान्तिकरुपमा भन्नुपर्दा सङ्घका सांसदले कानुन निर्माण गर्ने र त्यसको कार्यान्वयन भए-नभएको अनुगमनमा ध्यान दिने हो, स्थानीय तहको विकासका लागि उनीहरूलाई नै जिम्मा दिनुपर्ने हो”, उनले थपिन्, “राष्ट्रिय सरोकारका विषयलाई मात्रै सङ्घका सांसदले जिम्मेवारी बहन गर्नुपर्ने हो ।”

सङ्घीयसरकारलेप्रदेशरस्थानीयनिकायमा योजना कार्यान्वयन गर्ने जनाउँदै हचुवाका भरमा आफूखुसी रकम विनियोजन गरेको देखिएको छ । निर्वाचित जनप्रतिनिधिमार्फत आफ्ना गाउँठाउँको विकासको कुरा केन्द्रमा पनि पुगोस् भन्ने स्थानीयको माग हुन्छ जुन विकास निर्माणका काममा पनि ध्यान दिनुको विकल्प छैन, विकास गर्नुपर्छ तर योजनाको स्थिति हेरेर स्थानीय, प्रदेश वा केन्द्रमार्फत गर्नुपर्छ । बजेटलाई आवश्यकताको आधारमा विनियोजना गरिनु उपयुक्त हुन्छ ।”

संविधान र सङ्घीयताको मर्मबमोजिम कानुनहरू बनाउने र त्यसलाई लागू गराउनेतर्फ सरकारले तदारुकता नदेखाएकोप्रति नेत्री पोखरेलले चिन्ता प्रकट गरिन् । “कानुन बनाउने, संसद् र समितिमा छलफल चलाउने र पारित गराउने जिम्मा मूलतः सरकारकै हो, सरकारको नेतृत्व गरेका दलहरूको हो । प्रतिपक्षले दबाब दिने हो । संविधान जारी भएको आठ वर्ष पूरा हुनलाग्दा पनि कानुन नबनेको विषयमा गम्भीर समीक्षा गर्नुपर्ने समय आएको छ”, उनले भनीन् ।

“सरकार सञ्चालन गर्नेको हातमा देश र जनताको भविष्य जोडिएको हुन्छ, त्यस्तै, कानुन बनाउने वा नबनाउने जिम्मा पनि सरकारकै हो, प्रतिपक्षले त झकझक्याउने र खबरदारी गर्ने मात्रै हो”, उनको तर्क छ ।

विधायक भएर एक वर्ष काम गर्दा एउटा मात्र कानुन बनाउन सकिएकोप्रति नेत्री पोखरेलले मनमा सन्तोष छैन । “एक वर्षमा एउटा कानुन बनाइयोभन्दा अप्ठ्यारो देख्छु ।”

“शून्य समय र विशेष समयमा जनताका जनजीविकासँग जोडिएका समस्या बारम्बार उठाइरहेका हुन्छौँ”, उनले थपीन्, “तर त्यसको सुनुवाइ नै हुँदैन, सदनमा उठेका विषयको कार्यान्वयन भएको भए कति आनन्द हुने थियो, मनमा सन्तोष मिल्ने थियो ।” पछिल्लो समयमा उहाँलाई संसद्मा शून्य वा विशेष समयमा बोल्नुको पनि कुनै अर्थ नभएकोजस्तो महसुस भएको छ ।

शून्य र विशेष समयमा उठेका समसामयिक र जल्दाबल्दा विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण पनि गराइएको छ, सदनमा उपस्थित भएर जवाफ दिन सरकारका नाममा रुलिङ पनि हुने गरेको छ । तर सरकारले चित्तबुझ्दो जवाफ पनि दिँदैन, काम पनि हुँदैन । यो बिडम्वनाबाट सांसद गुज्रिनुपरिरहेको उनको दुःखेसो छ ।

“व्यक्तिगतरुपमा आफूले जति गर्नुपर्ने हो, त्यो प्रयास गरिरहेका छौँ, तर सामूहिकरुपमा देशको हितका लागि काम गर्ने वातावरण नै भएन ।” तथापि नेत्री पोखरेल मुलुकमा विकास र सुशासन विस्तारै कायम हुनेमा आशावादी रहन जनतालाई आग्रह गर्नुहुन्छ । “नेपाली जनता अहिले नै निरास भइहाल्नुपर्ने स्थिति छैन”, उनले आग्रह गरिन्, “राष्ट्रको विकास र समृद्धिमा सबैले ध्यान दिनुपर्छ ।”

विसं २०२२ भदौ ७ गते दाङको तुलसीपुर उपमहानगरपालिका-१९ मा जन्मेकी उनी अहिले दाङ निर्वाचन क्षेत्र नम्बर २ मा बस्छिन्।दाङबाटै समानुपातिक रुपमा एमालेबाट प्रतिनिधित्व गर्दैविधायकको रुपमा काम गर्दै आएकी छन् ।

विसं २०३६ को विद्यार्थी आन्दोलन देखि राजनीतिक आन्दोलनबाट सक्रियरुपमा लागेकी नेत्री पोखरेल अनेरास्ववियुको दाङ जिल्लाको दुई कार्यकाल अध्यक्ष भएर काम गरेकी थिईन् ।

विसं २०४४ मा अनेरास्ववियुको केन्द्रीय सदस्य काम गरेकी नेत्री पोखरेल २०४४ सालमा दुई पटक गरी एक वर्ष जेल बसिन् । विद्यार्थी र महिला सङ्गठनले तीज कार्यक्रम गर्दा तत्कालीन राज्यव्यवस्थाविरुद्ध काम गरेको आरोप लगाउँदै उनलाई जेल हालिएको थियो । जेलबाट निस्किएपछि करिब एक वर्ष भूमिगत राजनीतिक जीवन बिताईन् । नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि उनी सक्रियरुपमा पूर्णकालीन राजनीतिमा आईन् ।

त्रिभुवन विश्वविद्यालयबाट २०४८ सालमा नेपाली विषयमा स्नातकोत्तर तहमा स्वर्णपदक (गोल्डमेडल) प्राप्त गरेकी नेत्री पोखरेलले पद्मकन्या स्वर्णपदक समेत प्राप्त गर्नुभएको थियो । अहिले एमाले को केन्द्रीय सदस्य भएर पार्टीको काममा सक्रिय छिन् ।



# ‘युवालक्षित नवप्रवर्तनलाई प्राथमिकता देउ’

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले युवालक्षित नवप्रवर्तनलाई उच्च प्राथमिकता दिएर काम गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएका छन् ।

सिंहदरबारमा विहिबार भएको उद्योग मन्त्रालयसँग सम्बन्धित छलफलमा उनले नवप्रवर्तनशील सोच र जोश भएका युवामा उद्यमशीलता प्रवर्द्धन गर्न ‘विजनेस इन्कवेसन सेन्टर’का माध्यमबाट सातै प्रदेश केन्द्रित व्यवसाय प्रवर्द्धन अभियान सञ्चालन गर्न निर्देशन दिए ।



प्रधानमन्त्रीले भने, “नवप्रवर्तन कोष परिचालन गरी कम्तीमा २० हजार युवाको नवीनतम सोचलाई वस्तु र सेवा उत्पादनमा जोड्ने तथा स्वरोजगारी, नवप्रवर्तन र विभिन्न व्यवसायले सिर्जना गर्ने रोजगारी मापनका लागि ‘जबमिटर’ को व्यवस्था गर्न विशेष योजना तयार गर्नुहोला ।”

प्रधानमन्त्रीले कूटनीतिक निकायलाई उद्योग तथा वाणिज्य प्रवर्द्धनमा केन्द्रित गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि आवश्यक योजना, संयन्त्र र कार्यक्रम बनाएर अगाडि बढ्न निर्देशन दिए । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्योग तथा वाणिज्य प्रवर्द्धनका लागि विनियोजित रकम थोरै हुँदा निर्धारित कार्यक्रम सञ्चालन गर्न बाधा पुगेको बताउँदै त्यसका लागि एकीकृत समाधान खोजिनुपर्नेमा जोड दिए ।

मुख्यसचिव डा वैकुण्ठ अर्यालले प्रधानमन्त्रीले गर्नुभएको राष्ट्का नाममा सम्बोधनमा समेटिएका विषय कार्ययोजना बनाएर कार्यान्वयनमा जान निर्देशन दिँदै अब उप्रान्त मन्त्रालयगत आँकडाका आधारमा मूल्याङ्कन हुने बताए । साथै उनले औद्योगिक क्षेत्र घोषणा गरिएका क्षेत्रलाई प्राथमिकता दिएर काम गर्न सचिवहरूलाई निर्देशन दिए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले मन्त्रालयको अवस्था, प्रगतिको स्थिति, चुनौती र आगामी कार्यक्रमको प्रस्तुति राखेका थिए । उनले नयाँ नीति, योजना, कार्यक्रम र बजेटबीच तादाम्यता आवश्यक रहेको, अन्तरनिकाय समन्वय प्रभावकारी नहुँदा नीतिमा एकीकरण र कार्यक्रम छरिएको अवस्था रहेको बताउँदै उद्यमशीलता प्रवर्द्धन, लघु घरेलु तथा साना उद्योगको स्तरोन्नति, औद्योगिक तथा व्यापार पूर्वाधार विकास, कर्मचारीको क्षमता अभिवृद्धि र नवप्रवर्तनमुखी कार्यक्रममा मन्त्रालय केन्द्रित भएको बताए ।

द्विपक्षीय एवं बहुपक्षीय फोरममा नेपालको उद्योग तथा वाणिज्य प्रवर्द्धनका निम्ति पैरवी गर्नुपर्नेमा जोड दिँदै सचिव दुवाडीले युवाका निम्ति ‘उठौँ नेपाल अभियान’ नाराका साथ नवप्रवर्तन व्यवसायको अवधारणा अगाडि सारिएको, वातावरणीय प्रभाव मूल्याङ्कनका लागि समयसीमा तोक्नुपर्ने, प्रधानमन्त्रीको पदावलीबाट सञ्चालित कार्यक्रमलाई एकीकृत गर्नुपर्ने, सूपथ मूल्य पसल बाह्रै महिना सञ्चालन गरी मूल्य नियन्त्रणका निम्ति तयारी गरिएको बताए ।

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, सदस्य डा रामकुमार फुयाँल, अर्थसचिव कृष्णहरि पुष्कर, प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्याललगायतले विषयकेन्द्रित धारणा राखेका थिए ।

# एनसेलको शेयर खरिद बिक्रीबारे अध्ययन प्रतिवेदन आएपछि निर्णय लिन्छौँ : सञ्चारमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एनसेलको शेयर खरिद बिक्रीबारे अध्ययन तथा छानबिन समितिको प्रतिवेदनप्राप्त भएपछि सरकारले निर्णय लिने बताएकी छन् ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहिबारको बैठकमा मन्त्री शर्माले छानबिन समितिको काम अन्तिम चरणमा रहेको जानकारी दिँदै समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र बाँकी कारबाहीको प्रक्रिया अघि बढाउने बताईन् । उनले एनसेलको शेयर खरिद बिक्री प्रक्रिया अहिले स्थगित रहेको बताउँदै दूरसञ्चार ऐनको संशोधनका लागि मन्त्रालय तयारी सुरु गरेको जानकारी दिईन् । “अहिले समितिले छानबिन गरिरहेको छ । सरकारको कार्यदेशअनुसार समितिले काम अघि बढाइरहेको छ”, उनले भनिन्, “प्रतिवेदन बुझाएपछि मात्र सरकारले आवश्यक निर्णय गर्नेछ ।”

गत मङ्सिर २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले एनसेलको शेयर खरिद बिक्रीका विषयमा अध्ययनका लागि पूर्वमहालेखा परीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो । सो समितिले एनसेलको हालै भएको भनिएको शेयर खरिद बिक्री र हस्तान्तरण सम्बन्धमा भए गरेका काम कारबाहीको विस्तृत अध्ययन गरी त्यसबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर, दूरसञ्चार नियमन र सञ्चालन सम्बन्धमा सुझावसहितको अध्ययन प्रतिवेदन बुझाउने छ । समितिले तत्काल चाल्नुपर्ने कदम तथा दूरसञ्चार क्षेत्रका लागि भविष्यमा गर्नुपर्ने सुधारका लागि पनि राय सुझावसहित ३० दिनभित्र प्रतिवेदन पेस गर्न सरकारले निर्देशन दिएको थियो ।

बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार ऐन, २०५३ र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बीच एकरुपता नहुँदा अस्पष्टता देखिएको बताईन् । उनले एनसेलले शेयर खरिद बिक्रीका लागि प्राधिकरणसँग स्वीकृति नलिएको बताईन् ।


## कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कलैया, बारा, मधेश प्रदेश(नेपाल)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८०-०९-१३)

यस कलैया उपमहानगरपालिकाको मिति २०८०/०७/०२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (e–bidding) आह्वानको सूचना अनुसार रितपूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८०/०९/०५ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|---|
| १. | KSMC/NCB/WORKS/05–080/81 | नगर भरी बृक्षारोपन (Municipality Tree Plantation project) | Shree Sunil Phalphul Nursery | Rautahat | १,०१,३०,०५४।५० |

प्रमुख प्रशासकीय अधिकृत

# उत्तर कोरियाली नेता किमद्वारा युद्धको तयारीलाई तीव्रता दिन आग्रह

**एएफपी**

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो पार्टीलाई आणविक कार्यक्रमलगायत युद्धको तयारीलाई तीव्रता दिन आग्रह गर्नुभएको छ ।

आणविक हतियार प्रयोग गरेर ‘ उक्साएमा’ प्योङयाङले आणविक हमला गर्न नहिचकिचाउने किमले चेतावनी दिएको एक सातापछि यो भनाइ आएको हो ।

उत्तर कोरियाको वर्षको अन्त्यमा जारी पार्टीको बैठकमा किमले सन् २०२४ का लागि महत्वपूर्ण नीतिगत निर्णयसार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

प्योङयाङको सरकारी समाचार संस्था कोरियाली केन्द्रीय समाचार निकाय (केसिएनए) का अनुसार किमले पार्टीलाई सैन्य तथा आणविक हतियारलगायत सबै क्षेत्रमा युद्धको तयारीलाई थप तीव्रता दिन आग्रह गर्नुभएको हो ।

उहाँले वासिङ्टनसँगको ‘अभूतपूर्व’ उत्तरविरोधी मुठभेडका कारण कोरियाली प्रायद्वीपमा ‘सैन्य स्थिति’ ‘चरम’ भएको पनि बताउनुभयो ।

सियोल, टोकियो र वासिङ्टनले यस वर्ष प्योङयाङले गरेको हतियार परीक्षणको रेकर्ड तोड्ने शृ‌ंखलाको सामना गर्दै रक्षा सहयोग बढाएका छन् र हालै उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणको वास्तविक समयको सार्वजनिक गर्ने प्रणाली सक्रिय गरेका छन् । यसै महिनाको सुरूमा दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा अमेरिकी आणविक शक्तिसम्पन्न पनडुब्बी आइपुगेको थियो र वासिङ्टनले सियोल र टोकियोसँगको अभ्यासमा लामो दूरीका बमवर्षक विमान उडाएको थियो ।



यसअघि उत्तर कोरियाले कोरियाली प्रायद्वीपमा संयुक्त अभ्यासमा बी-५२ बमवर्षक विमानजस्ता अमेरिकी रणनीतिक सम्पत्तिको सहभागितालाई ‘अमेरिकाको जानाजानी आणविक युद्ध उत्तेजक कदम’ भनेको थियो ।

प्योङयाङले यसै वर्ष सफलतापूर्वक टोही उपग्रह प्रक्षेपण गरेको छ । प्योङयाङले आफ्नो संविधानमा आणविक शक्तिको रूपमा आफ्नो स्थान स्थापित गरेको छ र आफ्नो शस्त्रागारमा सबैभन्दा उन्नत अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल (आईसीबीएम) को परीक्षण गरेको छ ।

उत्तर कोरियाली नेता किमले यसै साताको सुरुमा सन् २०२३ लाई ‘ठूलो परिवर्तनको वर्ष’ का रूपमा परिभाषित गर्नुभएको थियो । यसमा प्योङयाङले ‘ आफ्नै सेटलाइटबाट विश्वलाई देख्ने विजय’ प्राप्त गर्ने उद्देश्य लिएको थियो ।

गत हप्ता संयुक्त राष्ट्रसङ्घको आणविक हतियारमामिला हेर्ने निकायले उत्तर कोरियाको योङब्योन आणविक केन्द्रमा रहेको दोस्रो रिएक्टर सञ्चालनमा आएको भन्दै यसलाई ‘अत्यन्त खेदजनक’ कार्य भनेको थियो ।

वर्ल्ड इन्स्टिच्युट फर उत्तर कोरिया स्टडिजका सञ्चालक आन चान इलले एएफपीसँग भन्नुभयो, “उत्तर कोरियाले अन्तरकोरियाली सीमा नजिकका क्षेत्रमा रणनीतिक आणविक हतियार तैनाथ गर्ने र नयाँ वर्षमा आफ्नो आणविक कार्यक्रमलाई अझ अगाडि बढाउने सम्भावना छ ।”

प्योङयाङले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकामाथि ‘ठूलो दबाब’ सिर्जना गर्न र परम्परागत सहयोगी रूस र चीनसँग घनिष्ठ सम्बन्ध कायम राख्न यस्तो कदम चाल्ने उहाँले बताउनुभयो ।

गत वर्षको अन्त्यमा भएको पार्टी बैठकमा किमले ‘देशको आणविक शस्त्रागारमा उल्लेखनीय वृद्धि गर्न’ आह्वान गर्नुभएको थियो ।

संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले यसै महिनाको सुरुमा वासिङ्टनमा आफ्नो आणविक परामर्श समूहको दोस्रो बैठक आयोजना गरेका थिए, जहाँ उनीहरूले उत्तर कोरियासँग द्वन्द्वको स्थितिमा आणविक निरोध विकल्पहरूबारे छलफल गरेका थिए ।

उनीहरूले प्योङयाङले अमेरिका वा दक्षिण कोरियामाथि गरेको कुनै पनि आणविक आक्रमणले किम शासनको अन्त्य हुने चेतावनी दिएका छन् ।

त्यसपछि उत्तर कोरियाको रक्षा मन्त्रालयका एक प्रवक्ताले अर्को वर्ष वार्षिक संयुक्त सैन्य अभ्यासलाई विस्तार गर्ने र यसमा आणविक अपरेसन ड्रिल समावेश गर्ने अमेरिका र उसका सहयोगी राष्ट्रहरूको योजनाको आलोचना गर्दै यसलाई ‘आणविक टकरावको बारेमा खुला घोषणा’को संज्ञा दिनुभएको थियो ।

# कतारले पूर्वनौसेना कर्मचारीहरूको मृत्युदण्डको सजायलाई घटायो- भारत

**एएफपी**

नयाँदिल्ली । कतारले भारतका आठ पूर्वनौसेना कर्मचारीको सजाय घटाएको भारतको विदेश मन्त्रालयले बिहीबार बताएको छ । उनीहरूलाई कथितरूपमा इजराइलका लागि जासुसी गरेको आरोपमा गिरफ्तार गरिएको थियो र मृत्युदण्डको सजाय सुनाइएको थियो ।

पूर्वउच्चपदस्थ तथा सम्मानित अधिकारीसमेत रहेका आठ भारतीय नागरिकलाई सन् २०२२ अगस्टमा दोहामा गिरफ्तार गरिएको भारतीय सञ्चारमाध्यमले बताएका छन् । गिरफ्तार हुनेमा कुनै बेला युद्धपोतको कमान्ड सम्हाल्ने कप्तान पनि रहेका थिए ।

अक्टोबरमा कतारको अदालतले उनीहरूलाई मृत्युदण्डको सजाय सुनाएकामा आफू ‘स्तब्ध’ भएको भारतले बताएको थियो । बिहीबार विदेश मन्त्रालयले विज्ञप्तिमा थप विवरण उल्लेख नगरी सजाय घटाइएको बताएको छ । कतारले उक्त मुद्दाका बारेमा कुनै टिप्पणी गरेको छैन र आरोपहरू सार्वजनिक गरिएको छैन ।

अदालतमा भारतका राजदूत तथा परिवारका सदस्य पुनरावेदनको सुनुवाइमा थिए भन्दै नयाँदिल्लीले भनेको छ, “सरकार कतारका अधिकारीहरूसँग मुद्दालाई उठाउन जारी राख्नेछ, मुद्दाको गोपनीय र संवेदनशील प्रकृतिका कारण थप टिप्पणी गर्नु उचित छैन ।”

विदेश मन्त्रालयको वेबसाइटअनुसार आठ पूर्वकर्मचारी खाडीस्थित कम्पनी अल दहराका कर्मचारी थिए । उक्त कम्पनीले एयरोस्पेस, सुरक्षा तथा रक्षा क्षेत्रमा ‘पूर्ण समर्थन समाधान’ प्रदान गर्दछ ।

हिन्दू अखबारका अनुसार उनीहरूले ‘तेस्रो मुलुक’ का लागि जासुसी गरिरहेका थिए । टाइम्स अफ इन्डियाले भनेको छ, “उनीहरूलाई इजराइलका लागि जासुसी गरेको आरोप लगाइएको विभिन्न रिपोर्टमा दाबी गरिएको छ ।” इजराइल सरकारले उक्त मामिलामा कुनै प्रतिक्रिया दिएको छैन ।

हमासका लागि राजनीतिक ब्युरोको आतिथ्यता गर्ने तथा गाजालाई वित्तीय सहयोग गर्ने कतारलाई प्यालेस्टिनी सशस्त्र समूह हमास र इजराइलबीच बन्दीहरूको आदानप्रदानका लागि मध्यस्थता प्रयासहरूसँग जोडिएको छ ।

# इजरायलको गोलान हाइट्समा ड्रोन दुर्घटना



**एएफपी**

जेरुसेलम । इजरायली सेनाले बिहीबार इजरायलमा रहेको गोलान हाइट्सको एलियाड नजिकै ड्रोन दुर्घटना भएको जनाएको छ ।

आक्रमणको हमास लडाकूसमूहसँग सम्बन्ध रहेको इराकी सशस्त्र समूहले आक्रमणको जिम्मेवारी लिएको छ ।

इजरायली सञ्चारमाध्यमका अनुसारसिरियाबाटप्रक्षेपणगरिएको विस्फोटक पदार्थ बोकेको ड्रोन बुधबार साँझ एलियाड बस्तीको दक्षिणमा खसालिएको थियो ।

इरान समर्थक सशस्त्र समूहहरूको कमजोर समूह इस्लामिक रेजिस्टेन्स इन इराकले वक्तव्य जारी गर्दै एलियाडको दक्षिणमा रहेको ‘ महत्वपूर्ण लक्ष्य’ मा ‘उपयुक्त हतियार’ प्रहार गरेको जनाएको छ ।

इजरायलले अक्टोबर ७ मा एक हजार १४० जनाको ज्यान जाने गरी भएको रक्तपातपूर्ण आक्रमणको बदलामा हमासलाई नष्ट गर्ने आफ्नो अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै आएको छ ।

हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरणअनुसार इजरायलको बमबारी र स्थलआक्रमणमा परी कम्तीमा २१ हजार ११० जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन् ।

गाजामा युद्ध सुरु भएदेखि इराकमा इस्लामिक रेजिस्टेन्सले इराक र सिरियामा अमेरिकी र अन्तर्राष्ट्रिय गठबन्धन सेनाविरुद्ध भएका थुप्रै आक्रमणको जिम्मेवारी लिएको छ ।

वासिङ्टनले अक्टोबर १७ यता इराक र सिरियामा आफ्ना सेनाविरुद्ध १०३ वटा आक्रमण गरेको अमेरिकी सेनाका एक अधिकारीले बताएका छन् ।

तीमध्ये अधिकांश आक्रमणको जिम्मेवारी इराकमा इस्लामिक रेजिस्टेन्सका समूहले लिएका छन् । उक्त समूहले हमासविरुद्धको युद्धमा इजरायललाई अमेरिकी समर्थनको विरोध गरेको छ ।

यस समूहले अहिलेसम्म इजरायली हितविरुद्ध प्रत्यक्ष आक्रमणको दाबी गरेको छ ।

इजरायलले सन् १९६७ को अरब-इजरायल युद्धमा सिरियाबाट गोलान हाइट्सको केही भाग जितेको थियो भने सन् १९८१ मा उक्त क्षेत्र कब्जा गरेको थियो । उक्त क्षेत्रमा युद्ध गरेका ती मुलुकबचि युद्धविराम गर्दै शान्तिका लागि सम्झौता गरेका थिए । यद्यपि, यो सम्झौतालाई संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको छैन ।

# लाइबेरियामा इन्धन ट्याङ्कर दुर्घटना, ४० भन्दा बढीको मृत्यु

**एएफपी**

मोनरोभिया । मध्य लाइबेरियामा इन्धन बोकेको ट्याङ्कर ट्रक दुर्घटना हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको त्यहाँका प्रमुख चिकित्सा अधिकारीले स्थानीय सञ्चारमाध्यमसँग बताएका छन् ।



प्रहरकिा अनुसार राजधानी मोनरोभियाबाट करिब १३० किलोमिटर टाढा रहेको टोटोटामा पेट्रोल बोकेको ट्याङ्कर बुधबार दुर्घटनाग्रस्त भएर सडक नजिकैको खाडलमा खसेको थियो । त्यसपछि चुहिएको ग्यास भर्न स्थानीय घटनास्थलमा जम्मा भएका थिए ।

चिकित्सक फ्रान्सिस कातेहले स्थानीय प्रसारक सुपर बोन्जिज टिभीसँग भन्नुभयो, “पेट्रोलियम पदार्थ बोकेको ट्याङ्कर दुर्घटनाग्रस्त हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ । घटनास्थलमा देखिएका जलेका मानवीय अवशेष हेर्दा यो सङ्ख्या अहिले जानकारीमा आएकोभन्दा केही बढी हुन सक्छ । यसका लागि प्रहरीले घटनास्थलबाट मृत शरीर उठाउने र परीक्षणका लागि अस्पतालसम्म पुर्‍याउने काम गरिरहेको छ ।” उहाँले एएफपीसँग भन्नुभयो, “हाम्रो टोली घर-घरमा गएर हराएकाहरूको खोजी गरिरहेको छ ।”

प्रहरीले यसअघि मृतकको सङ्ख्या १५ रहेको र स्थानीयहरू घटनास्थलमा भेला हुँदा कम्तीमा ३० जना घाइते भएको बताएको थियो ।

लाइबेरिया राष्ट्रिय प्रहरीका प्रहरी नायब महानिरीक्षक प्रिन्स बी मुलबाहले भन्नुभयो, “त्यहाँ धेरै मानिसहरू जलेका छन् । मृतकको सङ्ख्या तत्काल यति नै रहेको भन्न कठिन छ ।”

अर्का प्रहरी अधिकारी माल्भिन साकोरका अनुसार दुर्घटनापछि केही स्थानीयले चुहिएको ग्यास भरिरहेका समय ट्याङ्कर विस्फोट हुँदा हताहत हुनेको सङ्ख्या धेरै पुगेको छ । टोटोटाका एक प्रत्यक्षदर्शी आरोन मासाकोइले एएफपीसँग भन्नुभयो, “मानिसहरू ग्यास लिन ट्रकमाथि चढेका थिए भने केहीले ट्याङ्करबाट ग्यास निकाल्न फलामका रडले ट्याङ्की खोपेका र यसरी निस्केको ग्यास आगोको सम्पर्कमा पुग्दा विस्फोट हुन पुगेको थियो ।”

मासाकोइले भन्नुभयो, “ट्रकको चारैतिर मानिसहरु थिए र ट्रकका चालकले उनीहरूलाई चुहिएको ग्याँस लिन सक्ने अनुमति दिएको थिए तर उनीहरूलाई ट्याङ्करमाथि नचढ्न र ट्याङ्करलाई ठक्कर दिन रोक्न अनुरोध गरे पनि नमान्दा ठूलो मानवीय दुर्घटना हुनपुगेको छ । केही मानिसहरूले ट्याङ्कीमा प्वाल पार्न स्क्रूड्राइभरहरू पनि प्रयोग गरिरहेका थिए ।”

# रुस र नासा सन् २०२५ सम्म संयुक्त आइएसएस उडान जारी राख्न सहमत

**एएफपी**

मस्को । रुसी र अमेरिकी अन्तरिक्ष एजेन्सीहरू कम्तीमा पनि सन् २०२५ सम्म अन्तर ष्ट्रिय स्टेसन (आइएसएस) मा चालक दललाई पुर्याउनका लागि मिलेर काम गर्न सहमत भएको रुसी निगम रोस्कोस्मोसले बिहीबार बताएको छ ।

एउटै अन्तरिक्ष यानमा विभिन्न राष्ट्रियताका चालक दल सहभागी गराएर पठाइने कथित क्रस-फ्लाइटहरू समावेश भएको अन्तरिक्ष क्षेत्र रुसले युक्रेनमा सेना पठाएपछि मस्को र वासिङ्टनबीच सहयोगको एउटा दुर्लभ क्षेत्र हो ।

> एउटै अन्तरिक्ष यानमा विभिन्न राष्ट्रियताका चालक दल सहभागी गराएर पठाइने कथित क्रस-षलाइटहरू समावेश भएको अन्तरिक्ष क्षेत्र रुसले युक्रेनमा सेना पठाएपछि मस्को र वासिङ्टनबीच सहयोगको एउटा दुर्लभ क्षेत्र हो ।

“सन् २०२५ सम्म क्रस-फ्लाइट जारी राख्नेबारे सम्झौता भएको छ”, रोस्कोस्मोसले विज्ञप्तिमा भनेको छ, “यो निर्णय समग्ररूपमा आइएसएसको विश्वसनीयतालाई कायम राख्न लिइएको थियो, यसको उद्देश्य रुसी खण्डमा रोस्कोस्मोसको कम्तीमा एक प्रतिनिधिको उपस्थिति र अमेरिकी खण्डमा नासाको कम्तीमा एक प्रतिनिधिको उपस्थितिलाई ग्यारेन्टी गर्नु हो ।”

शीत युद्ध ‘स्पेस रेस’ पछि अमेरिका-रुस सहयोग बढेको समयमा सन् १९९८ मा आइएसएस सुरु गरिएको थियो । आइएसएसका साझेदारहरू अमेरिका, रुस, युरोप, क्यानाडा र जापान अहिले सन् २०२४ सम्म मात्र परिक्रमा प्रयोगशाल सञ्चालन गर्न प्रतिबद्ध छन् । यद्यपि अमेरिकी अधिकारीहरूले यसलाई सन् २०३० सम्म जारी राख्न चाहेको बताएका छन् ।

रुसले सन् २०२८ सम्म अन्तर ष्ट्रिय अन्तरिक्ष स्टेसनको प्रयोग गर्ने योजना बनाएको अप्रिलमा बताएको थियो । यो सन् २०२४ पछि परिक्रमा प्रयोगशाला छाड्ने रुसको पूर्वघोषणाको पूरै विपरीत हो ।

# बेइजिङमा आगलागी हुँदा चारको मृत्यु, पाँच घाइते

**सिन्ह्वा**

बेइजिङ । बेइजिङको चोयायाङ जिल्लास्थित डोङकिस्डियन गाँउमा बिहिबार बिहान आगलागी हुँदा चार जनाको मृत्य हुनाका साथै पाँच जना घाइते भएको स्थानीय अधिकारीले जनाएका छन् ।

उनीहरूका अनुसार घाइतेहरूको उपचार भइरहेको छ ।

बिद्युतीय साईकलबाट आगलागी सुरू भएको हुनसक्ने प्रारम्भिक अनुसन्धानले जनाएको छ ।

बिहान ३:४३ मा आगो नियन्त्रणमा लिई ५४ जनालाई उद्धार गरेको चायोयाङ जिल्लाको दमकल विभागले जनाएको छ ।

# आसामको नागाँउमा आगलागी : लाखौंको सम्पत्ती नष्ट

**सिन्ह्वा**

आसाम । बुधबार बिहान आसामको नागाउँ जिल्लाको बटाद्रावासको बजारमा आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट लाखौं रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जानकारी दिएको छ । आगलागी प्रहरी, दमकल र स्थानीयबासीको सहयोगमा नियन्त्रणमा आएको थियो । आगलागीले धेरै जसो पसल तथा व्यापारीक प्रतिष्ठानमा क्षति पुगेको जनाइएको छ । घटनामा मानवीय क्षति नभएको बताउदै आगलागीको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# इरानी गार्डका कमाण्डरको अन्त्येष्टिमा हजारौं इरानीको सहभागिता

**एएफपी**

तेहरान । इरानको राजधानी तेहरानले इजरायली आक्रमणमा मारिएको तीन दिनपछि रिभोलुसनरी गार्डका वरिष्ठ कमाण्डर राजी मौसावीको अन्त्येष्टिका लागि बिहीबार हजारौंको भीड लागेको छ ।

तेहरानको केन्द्रीय इमाम हुसेन मार्गमा भीडले इजरायल र अमेरिका विरोधी नारा लगाएका थिए । इजरायलले लामो समयदेखि इरान र उसका सहयोगीहरूविरुद्ध हत्या र विध्वंसको छायाँ युद्ध लडेको छ, तर सिरियामा मौसावीको हत्या अक्टोबरको सुरुदेखि इजरायल-हमास द्वन्द्वलाई लिएर तीव्र रूपमा बढेको क्षेत्रीय तनावको समयमा भएको छ ।

सिरियाको राजधानी दमास्कस नजिकै इस्लामिक रिभोल्युसनरी गार्ड कोर्प्सको विदेशमामिला हेर्ने विभागका वरिष्ठ कमाण्डर मौसवीको सोमबार इजरायली क्षेप्यास्त्र आक्रमणमा परी मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

युद्धग्रस्त सिरियामा हालैका वर्षहरूमा इरानसँग सम्बन्धित लक्ष्यहरूमा सयौं आक्रमणहरू गरेको इजरायली सेनाले विदेशी सञ्चारमाध्यममा यससम्बन्धमा कुनै टिप्पणी नगर्ने बताएको छ ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले बिहीबार मौसावीको परिवारसँग भेट गरी मारिएका जनरलको पार्थिव शरीर अघि उभिएर प्रार्थना गरी अन्तिम सम्मान प्रकट गर्नुभएको थियो । शोकाकुलमध्ये धेरैले इजरायललाई सङ्केत गर्ने ‘म तिम्रो प्रतिद्वन्द्वी हुँ’ भन्ने सन्देश अङ्कित पहेँलो झन्डा फहराइरहेका थिए ।



गार्डका प्रमुख होसेन सलामीले मौसावीलाई मध्यपूर्वमा तेहरानसम्बद्ध सशस्त्र समूह ‘ एक्सिस अफ रेजिस्टेन्स’मा सबैभन्दा अनुभवी र प्रभावकारी आईआरजीसी कमान्डरमध्ये एकका रूपमा प्रशंसा गर्नुभयो ।

सलामीले सन् २०२० मा बग्दादमा अमेरिकी ड्रोन आक्रमणमा कुद फोर्सका पूर्व कमाण्डर कासिम सुलेमानीको मृत्यु भएपछि मौसावीको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्नुभएको थियो । सुलेमानीले एक दशकभन्दा बढी समयदेखि गार्ड्सको विदेशी कारबाही सञ्चालन गर्दै आउनुभएको थियो ।

गत अक्टोबर ७ मा प्यालेस्टिनी हमास लडाकू समूहले एक्कासी गरेको आक्रमणमा ‘इरानी भूमिका’ देखाउँदै आरोपमा इजरायलले जनरलको हत्या गरेको हुन सक्ने सरिफको भनाइ छ ।

इजरायलको पछिल्लो आधिकारिक तथ्याङ्कअनुसार उक्त आक्रमणमा इजरायलमा करिब एक हजार १४० जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण थिए र करिब २५० जनालाई बन्धक बनाइएको थियो ।

इजरायलले गाजामा निरन्तर बमबारी, घेराबन्दी र स्थलआक्रमण गरी कम्तीमा २१ हजार ११० जनाको ज्यान लिएको गाजास्थित हमास नियन्त्रित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

आर्थिक र सैन्यरूपमा हमासलाई समर्थन गर्ने इरानले यस घातक आक्रमणलाई ‘सफलता’को रूपमा प्रशंसा गरेको छ तर प्रत्यक्ष संलग्नतालाई अस्वीकार गरेको छ ।

# पटेरले जीवनमा ल्याएको परिवर्तन



टुडे समाचारदाता

नवलपरासी। पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-२ बस्ने ४० वर्षीया कल्पना चौधरीलाई १२ वर्षअघि परिवार कसरी पाल्ने भन्ने चिन्ताले सताउँथ्यो । श्रीमान्को पनि रोजगारी नभएकाले सामान्य खेतीपातीले घर धान्न कल्पनालाई मुस्किल थियो । छोराछोरीलाई पढाउन अर्केको घरमा मजदुरी गर्नुपर्थ्यो तर अहिले घरखर्च चलाउनमात्र होइन, दुई छोरीलाई पढाउनसमेत चिन्ता छैन ।

उनले दुई छोरीलाई फार्मेसी र ल्याब पढाउँदै आएकी छन् । ठूली छोरी फार्मेसी र कान्छीले छोरी ल्याब पढ्दै छिन् । अहिले कल्पनाले घर खर्च र छोरीलाई पढाउनेदेखि छिमेकीलाई परेको बेला सरसापट पनि दिने गर्छिन् ।

उनको जीवनमा एक्कासि यो परिवर्तन भने आएको होइन । गाउँमा त्यसै खेर गएको पटेर (गुन्द्री, चकटीलगायत हस्तसामग्री बनाउन प्रयोग हुने एक प्रकारको घाँस (यो घाँस पानी जमेको ओसिलो ठाउँमा उम्रने गर्छ)ले उनको जीवनमा परिवर्तन ल्याएको हो । "बाह्र वर्षअघि छिमेकी गाउँकी दिदी पोखरा जानुभएको थियो, त्यहाँ उनले एक मेलामा पटेरबाट बनेका हस्तसामग्री देख्नुभएको रहेछ । मेलामा त्यसबारे सोधीखोजी गरेपछि यहाँ आएर उनले पटेरबाट बन्ने सामग्रीको तालिम दिन थालेपछि धेरै महिला अहिले आत्मनिर्भर बनेका हुन्", कल्पना भन्छिन् ।

पटेरबाट हस्तसामग्री बनाउन इच्छुक भएपछि घरेलु कार्यालय, स्थानीय तह र विभिन्न सङ्घसंस्थाले महिलालाई तालिम दिन थालेको थियो । त्यही तालिमबाट अहिले धेरै महिलाले सीप सिकेर जीविकोपार्जनको माध्यम बनाएको कल्पनाको भनाइ छ। पटेरबाट सुकुल, पिर्का, मुढा, गुन्द्री, म्याट, कलमदानी, टोपी, चकटीलगायत सामान बनाउने गरिएको छ। तिनै सामान बेचेर छोरीलाई मेडिकल पढाइ गराउन सकेको उनी बताउछिन् ।

कल्पनामात्र होइन उनकै छिमेकी किशुनकुमारी चौधरीको पनि पटेरले आर्थिक जीवन नै परिवर्तन गरिदिएको छ। पटेरकै सामग्री बेचेर उनले करिब तीन कठ्ठा जग्गा किनेकी छन् । वार्षिकरूपमा एक जनाले करिब रु १० लाखबराबरको पटेरका सामान बेच्ने गरेको किशुनकुमारीको भनाइ छ। खर्च कटाएर मासिक रु ४० देखि ५० हजार बचत हुने गरेको किशुनकुमारी बताउछिन् । उत्पादन भएको सामान बेच्न उहाँहरूलाई समस्या छैन । सजिलैसँग सामान बिक्री हुने गरेको छ । कहिलेकाहीँ त सामान पुर्याउनै मुस्किल हुने उहाँहरूको भनाइ छ।

उक्त सामान ठूला-ठूला होटलमा जाने गरेका छन् । होटलबाट म्याट, टोपी, सुकुललगायत सामानको माग बढी छ । "बजारको समस्या नै छैन । माग बढी भएकाले कहिलेकाहीँ त पुऱ्याउँनै सकिन्न", कल्पना भन्छिन् ।

होटलबाहेक पनि अन्य पसलबाट माग आउने गरेको छ। सबैभन्दा बढी ठूला मुडा, सुकुल, चकटीको माग हुने गरेको छ। माग भएका सामान भने स्थानीय बजार क्षेत्रबाट चल्ने सार्वजनिक बसमा पठाउने गरेको उनी बताउछिन् । "उधारो खासै हुँदैन सबैजसो नगदै हुन्छ । कसैले त अग्रिम पैसा पठाउनुहुन्छ", किशुनकुमारी भन्छिन् ।

आफूहरूले उत्पादन गरेको सामान विदेशीले पनि मन पराएको सुनेको जानकारी दिँदै उनी भन्छिन्, "होटलबाट फोन आउँदा विदेशीले पनि मन पराएका छन् भन्छन् । सरकारले पटेर उद्योग सञ्चालनका लागि सहयोग गरेर विदेश पठाउने वातावरण मिलाए धेरै महिलाका लागि यो पेसा रोजगारीको माध्यम बन्ने थियो ।"

सुरुमा समूह बनाएर काम गर्दै आइएकामा अहिले कल्पना र किशुनकुमारीले छुट्टाछुट्टै निजी फार्म दर्ता गरेर व्यवसाय नै सञ्चालन गरेकी छन् । सुरुमा पाँच हजार ट्र्याक्टरको दरले तीन ट्र्याक्टर पटेरको बीउ (गाभा) किनेर खेतमा रोपेको उनीहरूको भनाइ छ । एकपटक गाभा गाडेपछि धेरै समय उम्रिने र बीउसमेत हुने गरेपछि अहिले समस्या हुने गरेको छैन । पहिला सामान्य खेतमा पटेर लगाउनुभएका उनीहरूले अहिले छ बिघा घोल खेत (पानी जम्ने खेत) भाडामा लिएर पटेरखेती गर्दै आउनुभएको छ । यसले गर्दा कच्चा पदार्थको समस्या छैन ।

दुवैजना अहिले पटेरसम्बन्धी हुने तालिमका लागि प्रशिक्षकसमेत बन्नुभएको छ । स्थानीय तह र अन्य कार्यालयले आयोजना गर्ने तालिममा आफूहरूलाई प्रशिक्षकका रूपमा बोलाउने गरेको कल्पना र किशुनकुमारीको भनाइ छ । सुस्ता र प्रतापपुर गाउँपालिकाको क्षेत्र पटेर खेतीका लागि उत्तम छ। पटेरका सामग्रीको माग बढेपछि अहिले ती दुई गाउँपालिकाका करिब दुई सय बढी महिलाले यसलाई आम्दानीको स्रोत बनाएका छन् ।

आफूले उत्पादन गरेका मात्र होइन अन्य महिलाले बनाएका सामान पनि दुवै जनाले खरिद गरेर बाहिर पठाउने गरेका छन्। आफूहरूले उत्पादन गरेको सामग्री चितवन, पोखरा, बुटवल र काठमाडौँमा जाने गरेको उनीहरु बताउछन्।

"घरमा सहजै बसेर बनाउन सकिने भएकाले यसप्रति महिलाको आकर्षण बढेको हो । गाउँका महिलाले उत्पादन गरेका सामान पनि हामी आफैँले खरिद गरिदिन्छौँ । बजारमा बिक्री हुन नसके महिलाले हामीलाई ल्याएर दिनुहुन्छ", किशुनकुमारी भन्छिन्। आफूहरू पूरै दिन यो पेसामा लागे पनि गाउँका महिलाले भने फुर्सदमा मात्र सामान बनाउने गरेका छन्। "धेरै महिला घरायसी काम र अन्य काममा लाग्ने भएकाले पूरा समय दिनुहुन्न फुर्सद निकालेर काम गर्छन्, त्यति गर्दा पनि एक महिलाले मासिक रु १२ देखि रु १५ हजारसम्म कमाउने गरेका छन्", कल्पना भन्छिन् ।

पटेरखेतीलाई प्रोत्साहन गर्न सुस्ता र प्रतापपुर गाउँपालिकाले लघुउद्यम शाखामार्फत तालिम सञ्चालन गर्दै आएका छन् । "पटेरलाई उद्यमकै रूपमा अगाडि बढाउन पालिकाले बजेट छुट्याएर तालिम र अन्य आवश्यक सहयोग गर्दै आएको छ", प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादव भन्छन् ।

# पाँच हजार आठ सय ४० हेक्टरमा तोरीखेती



टुडे समाचारदाता

बनियानी । झापामा तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ।

सरकारी प्रोत्साहनसँगै उत्पादनको उचित मूल्य प्राप्त भएपछि यहाँका किसान तोरीखेतीतर्फ आकिर्षत भएका हुन् । तोरीखेतीलाई प्रवर्द्धन एवं प्रोत्साहन गर्न स्थानीय तहले अनुदान दिइरहेका छन्भने सङ्घीय सरकारबाट सशर्त अनुदान आएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए।

सङ्घीय सरकारबाट तोरीखेती प्रवर्द्धनका लागि झापाको बुद्धशान्ति गाउँपालिकामा रु २० लाख र मेचीनगर नगरपालिकामा रु ३० लाख आएको उनले बताए । "स्थानीय तहहरूले समेत आ-आफ्नो क्षमताअनुसार किसानलाई प्रोत्साहित गरिरहेका छन्", उनले भने, "जसले गर्दा जिल्लामा तेहलन बालीतर्फ किसान आकर्षित भइरहेका छन् ।"

झापामा तोरीखेतीको क्षेत्रफल बढोत्तरी हुँदै गएको छ। गत वर्ष पाँच हजार पाँच सय ८० हेक्टरमा तोरीखेती गरिएकामा यस वर्ष पाँच हजार आठ सय ४० हेक्टरमा तोरीखेती गरिएको छ। गत वर्ष झापामा छ हजार सात सय ३० मेट्रिक टन तोरी उत्पादन भएको थियो।

यस वर्ष उत्पादन वृद्धि हुने आकलन गरिएको छ । यस वर्ष झापाको हल्दिबारीमा सबैभन्दा बढी तोरीखेती गरिएको छ । त्यस्तै भद्रपुर, कचनकवल, दमक, मेचीनगर, बुद्धशान्तिलगायतका पालिकामा समेत उल्लेख्य मात्रामा तोरीखेती गरिएको छ।

गत वर्षको सुरुआतमै रु पाँच हजार चार सयमा प्रतिमन (४० किलो) बिक्री भएको तोरी यस वर्ष करिब रु छ हजारको हाराहारीमा पुग्ने अनुमान छ।

उत्पादित तोरीको मूल्य उच्च हुनुका साथै अनुदानसमेत पाइने भएपछि किसान तोरीखेतीप्रति आकर्षित भएका हुन्।

भद्रपुर नगरपालिकाले तेलहन उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ तोरीखेतीमा अनुदान कार्यक्रम लागू गरेपछि यस वर्ष यहाँका किसानले पाँच सय ३३ हेक्टरमा तोरीखेती गरेका छन्। गत वर्ष भद्रपुरमा दुई सय हेक्टरमा तोरीखेती गरिएको थियो।

नगरभरिका आठ सय ८९ किसानले पाँच सय ३३ हेक्टर क्षेत्रफलमा तोरीखेती गरेको विवरणसहित अनुदानका लागि आवेदन दिएको नगरपालिकाका कृषि शाखा प्रमुख सुमन बिमलीले जानकारी दिए । तोरीखेती प्रवर्द्धनका लागि नगरपालिकाले न्यूनतम १० कठ्ठा खेती गर्ने किसानलाई प्रतिकठ्ठा रु छ सय अनुदान दिने गरेको उनले बताए।

गत वर्ष नगरपालिकाले तोरीखेती गर्ने किसानलाई रु २३ लाख अनुदान उपलब्ध गराएको थियो।

# खानेपानी आयोजना अन्तिम चरणमा

**टुडे समाचारदाता**

भोजपुर । पर्यटकीय क्षेत्र गुफा पोखरीमा निर्माणाधीन गुफा पोखरी सामुदायिक लिफ्टिङ खानेपानी आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। करिब रु तीन करोड लागतमा निर्माण भइरहेको आयोजनाको काम ८० प्रतिशत सम्पन्न भएको हो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरअन्तर्गत सऽ्वासभाको चैनपुर नगरपालिका-१ मा रहेको यो आयोजनाको काम आर्थिक वर्ष २०७७/७८ बाट निर्माण थालिएको हो। योजना निर्माणको कामलाई यस वर्ष सम्पन्न गर्ने लक्ष्य रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरका प्रमुख देवनाथ सिंहले बताए । पर्यटकीय क्षेत्र गुफा पोखरी, सुके पोखरी र जोर पोखरीका स्थानीयलाई लक्षित गरेर आयोजना निर्माण भइरहेको कार्यालय प्रमुख सिंहको भनाइ छ। यो क्षेत्रमा पानीको अति नै समस्या रहेकाले कार्यालयले यसलाई प्राथमिकतामा राखेर काम अघि बढाएको उहाँको भनाइ छ।

"यो योजनाको कामलाई प्राथमिकतामा राखेर अघि बढाएका छौँ", प्रमुख सिंहले भन्नुभयो, "पर्यटकीय क्षेत्र रहेकाले यहाँ पानीको अति नै समस्या रहेको छ । विगतमा सोचेअनुसारको प्रगति नदेखिए पनि अब भने योजना अन्तिम चरणमा पुगेको छ । कामलाई यही वर्षमा सम्पन्न गराएर स्थानीयलाई पानी वितरण गर्ने लक्ष्य छ । हाल ८० प्रतिशत काम सम्पन्न भएको छ।"

आयोजनाको मुहानबाट सात सय मिटर मुख्य पाइपलाई विस्तार, विद्युत् जडान र मुख्य ट्याङ्की निर्माणलगायतको काम सकिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रकाश आर्चायले बताए । तत्काललाई यहाँका पर्यटकीय क्षेत्रका करिब ६५ घरपरिवारले पानी उपभोग गर्न पाउने भए पनि यो आयोजनाबाट एक सय ५० बढी परिवारलाई पानी खुवाउने लक्ष्य रहेको अध्यक्ष आचार्यको भनाइ छ।

"गुफा पोखरी पर्यटकीय क्षेत्र हो", अध्यक्ष आचार्यले भने, "यहाँ सिजनमा हजारौँ पर्यटकको आवागमन हुन्छ। पानीको समस्याको कारण यहाँ बस्ती विस्तार हुन सकेको थिएन। यो आयोजनाले यहाँको पर्यटनको विकासमा समेत टेवा पुग्नेछ। योजनालाई अवको एक महिनाभित्र सुचारु गराउने लक्ष्यका साथ काम गरिरहेका छौँ।"

धेरै उचाइमा रहेको तथा भौगोलिकरुपमा धेरै कठिनाई रहेको अवस्थामा योजना सञ्चालनका लागि कार्यालयले खेलेको भूमिका प्रशंसायोग्य रहेको अध्यक्ष आचार्यको भनाइ छ । विविध कारणले विगतमा निर्माणमा ढिलाइ भइरहेको अवस्थामा यो वर्ष भने कामले धेरै तीव्रता पाएको उनको भनाइ छ । चैनपुर नगरपालिका-१ मा रहेको यो आयोजनास्थल भौगोलिकरुपमा निकै दुर्गम मानिन्छ । विगतमा ओझेलमा परेको योजनाको कामले नयाँ कार्यालय प्रमुख आएपछि तीव्रता पाएको निर्माण उपभोक्ता समितिका सचिव सन्तोष लिम्बूले बताए। पानीको हाहाकार रहेको अवस्थामा आयोजनाको कामले तीव्रता पाएपछि स्थानीयमा उत्साह थपिएको उनको भनाइ छ।

"यो योजना हाम्रो लागि अति नै महत्वपूर्ण छ", उहाँले भन्नुभयो, "तर पनि विगतका वर्षहरु काम भने सोचेअनुसार अघि बढ्न सकेको थिएन। सबै पक्षको सक्रियता बढेसँगै अब भने पानी खाने अवस्था बनेको छ । यो योजनाले प्राथमिकता पाउनु यहाँका जनताको लागि सुखद् पक्ष हो । आयोजना निर्माणपछि घण्टौँ लगाएर डोको तथा ट्र्याक्टरमा पानी बाकेर खानुपर्ने अवस्थाको अन्त्य हुनेछ।"

# सुन्तलाखेती मास्दै एभोकाडो लगाउँदै

टुडे समाचारदाता

इलाम । इलाममा एभोकाडो खेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ। थोरै मिहेनतमा धेरै आम्दानी लिन सकिने भएपछि जिल्लाका किसान यस खेतीतर्फ आकर्षित भएका छन्। माइजोगमाई गाउँपालिका-५ सोयाङका लक्ष्मण खत्रीले १२ रोपनी क्षेत्रफलमा एक सयभन्दा धेरै एभोकाडो लगाएका छन् । "तीन वर्ष भएका बिरुवाले सामान्य उत्पादन दिन सुरु गरेको छ, दुई वर्ष पुराना बिरुवा धेरै छन्, गत वर्ष लगाएका बिरुवा भर्खर सर्दैछन्", उनले भने।

जिल्ला सदरमुकामका खगेन्द्र देवानले इलाम बजार नजिकैको सुन्तलाबारीमा एभोकाडो खेती गर्नुभएको छ। धेरै सुन्तला फलेकाले सुन्तलाबारीको नाम रहेको उक्त गाउँमा हाल सुन्तला मासिएर एभोकाडोको पहिचानले कब्जा जमाउन थालेको उनी बताउछन्।

"सुन्तला विस्थापित भयो, नयाँ फलका रुपमा एभोकाडो खेती सुरु गरेका छौँ, एउटै बोटबाट एक क्विन्टलसम्म उत्पादन हुन्छ", उनले भने, " एउटै झ्याङमा ८० हजारको एभोकाडो फलेको तथ्याङ्क छ।"

यहाँका अधिकांश किसानले सुन्तलाबारी मासेर एभोकाडो खेती गर्न थालेका छन् । करिब २० रोपनी क्षेत्रफल जमिनमा अढाइ सय बिरुवा रोपिएको देवानले जानकारी दिए । उनी भन्छन्, "कम स्याहारले नै उच्चतम आम्दानी लिन सकिने भएपछि सहज भएको छ।"

नेपाली कांग्रेसका महासमिति सदस्यसमेत रहनुभएका देवान सामाजिक तथा राजनीतिक भूमिकाको अलवा कृषि कर्ममा समेत रमाउने गरेका छन्।

"हामी राजनीति गर्नेले ढुक्क बसेर खेती गर्न समय नहुँदोरहेछ तर एभोकाडोलाई त्यति धेरै समय दिनुपर्दैन फुर्सदमा खटिँदा मात्र पनि राम्रै उपार्जन छ", उनले भने।

जिल्लामा यस वर्ष एभोकाडोको उत्पादन बढेको कृषि ज्ञान केन्द्र इलामले जानकारी दिएको छ । गत वर्ष चार सय १९ दशमलव २२ मेट्रिक टन एभोकाडो उत्पादन भएको इलाममा यस वर्ष चार सय २२ दशमलव पाँच मेट्रिक टन एभोकाडो उत्पादन भएको ज्ञान केन्द्रका प्रमुख टानी बर्देवाले जानकारी दिए ।

गतवर्ष ५५ हेक्टर जमिनमा खेती लगाइएको थियो भने यस वर्ष ६० दशमलव पाँच हेक्टर जमिनमा खेती गरिएको उनले बताए । उनका अनुसार गतसालको तुलनामा उत्पादकत्व भने घटेको छ।

"गत वर्ष प्रतिहेक्टर सात दशमलव ६३ मेट्रिक टन एभोकाडोको उत्पादकत्व थियो तर यस वर्ष प्रतिहेक्टर सात दशमलव तीन मेट्रिक टन मात्र रहेको छ", उनले भने।

नयाँ फलका रूपमा परिचित एभोकाडो पछिल्लो समय इलामका गाउँगाउँमा समेत विस्तार हुँदै गएको माइजोगमाईका खत्रीले बताएका छन्। सो फलबाट किसानले मनग्ये आयआर्जनसमेत गर्न थालेको स्वयम् किसानको भनाइ छ। एक दशक मलेसिया बसेर स्वदेश फर्किएका खत्रीले गाउँको बाँझो जमिनमा लगाएको एभोकाडो खेती यहाँको हावापानीमा एकदमै फस्टाएको बताए।

एभोकाडो कात्तिक मङ्सिरमा नै पाक्ने भएकाले यसको बजार राम्रो भएको किसान बताउँछन् । सुरुमा रु तीन सय किलो बिक्ने एभोकाडोको बजार भाउ पनि तलमाथि भइरहन्छ।

इलाम बजारमा हाल रु दुई सय प्रतिकिलो यसको खरिद बिक्री भइरहेको छ । "व्यापारीको दःख छैन, बगानमै आउँछन् र मुस्टमा दामकाम गरेर पनि किन्छन्", देवानले भने । हाल इलाममा उत्पादित एभोकाडो इलामको स्थानीय बजार तथा झापा तथा सुनसरीमा बिक्री भइरहेको किसान तथा निजामती कर्मचारी कृष्ण लिम्बूले बताए । उनका अनुसार हाल इलामसहित, झापा, सुनसरी काठमाडौँलगायतका स्थानमा यसको बिक्री भइरहेको छ । बजारको समस्या नभएपछि पनि यस खेतीतर्फ किसानको आकर्षण बाक्लिएको हो।

दिउँसो अन्यत्रै काम गरेर भए पनि बिहान बेलुकाको समय निकालेर खेती गर्न सकिने यो फल यस याममा मुख्य उत्पादन लिन सकिन्छ।

दीर्घरोगीले समेत खान मिल्ने एभोकाडो फल लटरम्म फलेपछि एउटै बोटबाट राम्रो आम्दानी गर्न सकिने बताइएको छ । सुरुमा धनकुटाबाट ल्याएर रोप्न सुरु भएको एभोकाडो पछिल्लो समय प्रायः जिल्लाभर नै खेती विस्तार भइरहेको हो।

कुनै लामो त कुनै डल्लो आकारको हुने एभोकाडो धेरै प्रजातिका हुने गरेका छन्। यसकै कुनै फल स्वादिष्ट त कुनै खास स्वाद नहुने गरेको उपभोक्ताको भनाइ छ।

दानाबाट यसको उत्पादन लिन सकिन्छ । रुखमा फल्ने यसको फल सामान्यतया दुई सय ग्रामदेखि एक किलोसम्मको हुने गर्दछ । भित्र दानो बीचमा खानयोग्य फल र बाहिर बोक्राले ढाकेको हुन्छ। त्यस्तै एभोकाडो सजिलैसँग रोप्न सकिने कारण कृषक यस खेतीमा तानिएको रोङ गाउँपालिका-५ जिर्मलेका किसान प्रेम राईले बताए। एभोकाडो खेती गर्दा क्षेत्रफल भने बढी आवश्यक पर्छ।

एक रोपनीमा करिब छ वटासम्म एभोकाडो रोप्न सकिने माइजोगमाईका किसान खत्रीको भनाइ छ । कात्तिक महिनामा टिप्न सुरु गरिने एभोकाडोको फल फागुनसम्म बोटमा राख्न सकिने इलामका किसान एवं राजनीतिज्ञ देवानले बताए।

ठूला होटल, पर्यटक र सहर बजारका बासिन्दाले प्रायः एभोकाडोलाई मुख्य फलको रुपमा उपभोग गर्न थालेको होटल व्यवसायी नवीना कार्कीले बताएका छन्।

यसमा भिटामिन र खनिजतत्व पर्याप्त मात्रामा पाइन्छ भने एभोकाडोको भित्री र बाहिरी भाग दुवै प्रयोग गर्न सकिन्छ। विज्ञका अनुसार, एउटा एभोकाडोमा ६४ क्यालोरी हुन्छ।

यसमा छ ग्राम चिल्लो, तीन/चार ग्राम कार्बोहाइड्रेट, एक ग्रामभन्दा कम चिनी र तीन ग्राम फाइवर हुने गरेको छ। एभोकाडोमा भिटामिन 'सी, ई, के, बी' पाइने जनाइएको छ । राइवोप्लाविन, नियासिन, फोलेट, पयान्टोथेनिक एसिड, म्याग्नेसियम र पोटासियम पनि यो फलमा पाइन्छ । साथै बिटाक्यारोटिन र ओमेगा-३ चिल्लो एसिड पनि यसमा पाइन्छ । एभोकाडो पूर्णरूपमा स्वास्थ्यवर्धक मानिन्छ । यसले रगतमा ग्लुकोजको मात्र नियन्त्रण गर्न मद्दत गर्ने जनाइएको छ।

जिल्लामा उत्पादन भएको एभोकाडोलाई देशका विभिन्न ठाउँमा प्रवर्द्धन गर्नका साथै प्रचारप्रसार गर्न र किसानलाई हौसला प्रदान गर्न कृषि ज्ञान केन्द्रले समन्वय र सहयोग गर्दै आएको छ। बिरुवा रोपेको तीन वर्षदेखि नै उत्पादन दिन सुरु गर्ने र मूल्य पनि राम्रो पाइने भएपछि कृषक यसतर्फ आकर्षित भएको ज्ञान केन्द्रका प्रमुख बर्देवाले बताए । एभोकाडोको जुस बनाएरसमेत उपभोग गर्न सकिन्छ।

समुद्री सतहबाट दुई हजार पाँच सय मिटरसम्म यसको खेती गर्न सकिन्छ। बिरुवा रोपेको केही वर्षभित्रै उत्पादन दिने भएकाले यहाँका किसानले पाखोबारी, कान्ला र खोला छेउमा एभोकाडो रोपेर नियमित आम्दानीको स्रोत बनाउन थालेका छन्।

चार नगरपालिका र छ गाउँपालिका भएको इलामका सबै स्थानीय तहमा एभोकाडोको आंशिक खेती हुन सुरु भएको ज्ञान केन्द्रले जनाएको छ।



# भारी बोकेरै घरखर्चको जोहो

टुडे समाचारदाता

पिथौरागढ । बझाङको देउलेकका परमले बोहरा ३५ वर्षदेखि भारतीय सहर पिथौरागढमा भारी बोक्दै आएका छन् । उनी भारी बोकेरै पाँच छोराछोरीको लालनपालन गर्दै आएका छन् । पिथौरागढको सिमलगैर बजारमा मजदुरी गर्दै आएका बोहरा भारी बोकेर पाउने रकमले घरखर्चको जोहो गर्न सहज भएको बताउछन् ।

"नेपालमा रोजगारी पाइँदैन, यहाँ आउने बित्तिक्कै काम पाइन्छ", नौ वर्षको उमेरदेखि पिथौरागढमा भारी बोक्दै आएका बोहराले भने । उनले केही वर्ष भारतको दिल्ली र बेङ्गलुरुमा पनि मजदुरी गरे । पिथौरागढमा भारी बोक्ने बोहरा एक्लै मात्र होइनन् । उनले जस्तै सुदूरपश्चिम र कर्णाली प्रदेशका सयौँ नेपाली भारतीय सहरमा मजदुरी गरेरै घरखर्च चलाउँदै आएका छन् । "यहाँ भारी बोक्ने काम प्रायः नेपालीले मात्र गर्ने गरेका छन्", बोहराले भने । नेपालमै पसिना बगाउने आफ्नो रहर भए पनि बाध्य भएर विदेशी भूमिमा भारी बोक्नु परेको दुखेसो गरे ।

"गाउँमा पहिलाभन्दा अहिले रोजगारी त पाउने गरेको छ, तर मजदुरी गर्न पनि राजनीतिक भेदभाव हुने गरेको छ", बोहराले भने । भारतमा पनि मजदुरी गर्न सहज नभएको उनको भनाइ छ । "कुनै दिन काम नपाएर भोकै सुत्नुपर्ने बाध्यता पनि छ", उनले भने-"यहाँ पनि कहिले काम पाइन्छ कहिले पाइँदैन, काम गर्न आउने नेपालीको संख्या अत्यधिक छ ।" बोहरासँगै रोजगारीका लागि आएका तीन जना मिलेर रु दुई हजार भाडा तिरेर कोठा भाडामा लिएर बोहरा बस्दै आएका छन् । मजदुरी गर्न आउने जाने क्रम चलिरहन्छ । उनीहरुले घरको खेतीपाती पनि आफैले गर्नुपर्ने बाध्यता छ । "यहाँको कमाइले लत्ताकपडा लगेर घर जान्छौँ", बोहराले भने, "पैसा अभावले छोराछोरीलाई स्कुल पढाउन सकेको छैन ।"


बैतडीको पुर्चौडी नगरपालिका-८ मल्लादेहीका परमानन्द जोशी पनि रोजगारीका लागि पिथौरागढ पुग्नुभएको छ। उहाँ खेतीपातीको काम सकेर रोजागरी खोज्दै पिथौरागढ पुगेका हुन्। "मजदुरी गरेबापत दैनिक रु छ सय पाइन्छ", जोशीले भने, "घरबाट आएको केही दिनमात्रै भयो।" उनले ४० वर्षदेखि भारतमा मजदुरी गर्दै आएको बताउनुभयो। स्वदेशमा परिवार पाल्नका लागि कुनै सीप नचलेपछि बाध्य भएर विदेशिनुपरेको उनले गुनासो गर्नुभयो। जोशीका तीन छोरा छन्।

आर्थिक अभावकै कारण उनीहरुलाई पढाउन नसकेको उनी बताउछन्। "एउटा छोरा रोजगारीका लागि भारतकै बैङ्गलुरु गएको छ। दुई छोरा घरमै छन्", जोशीले भने, "छोराले पनि नेपालमा रोजगारी पाउन सकेनन्।"

पिथौरागढको बजार पस्दा घरदेश छाडेर मजदुरी गरिरहेका सयौँ नेपाली भेटिन्छन्। तीस वर्षअघि सुदूरपहाडका नेपाली पिथौरागढ पुगेर घिउ बेच्थे। घिउ बेचेर नुन र लत्ताकपडा किन्थे। पहिले वस्तु र बस्त्रको व्यापार हुन्थ्यो। अहिले पसिनाको व्यापार चलेको छ। बैतडीको पुर्चौडीका उत्तमसिंह धामीको पनि उही बाध्यता छ। "यहाँ मजदुरी गरेर घरखर्चको जोहो गर्न थालेको ३५ वर्ष भयो", धामीले भने, "छ महिना स्वदेशमा घरखेतको काम गरेर छ महिना यहाँ मजदुरी गर्न आउँछौँ।" बैतडीमा रहेको फलाम खानी उत्खनन गरे आफूहरुले घर नजिकै रोजगारी पाउन सक्ने उनको भनाइ छ।

"हाम्रो देशमा रोजगारी पाउने धेरै सम्भावना छन। मेरो जिल्ला बैतडीमा फलाम खानी छ। सरकारले उत्खनन त गर्नुपऱ्यो", उनले भने, "सरकारीस्तरबाट स्वदेशमै रोजगारीका लागि पहल नभए अब आउने पुस्ता पनि हामी जस्तै परदेशमा भारी बोक्न बाध्य हुनेछन्।"

पिथौरागढको पुरानो नाम 'सोर' हो। कर्णाली नदीमा पुल बन्नु अघिसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी जिल्लाका नागरिक नुन लिन पिथौरागढ नै पुग्ने गरेका थिए। अहिले पनि उपचार र किनमेलका लागि उनीहरु पिथौरागढ धाउँछन्। पिथौरागढ बजार क्षेत्रमा पुग्दा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका सयौँ नेपाली भारी बोक्दै गरेका भेटिन्छन्।



# उन्नत जातको विरुवा र गड्यौला मल उत्पादन

**रञ्जन यादव**

कलैया । बाराको जीतपुरसँग जोडिएको परसवामा पाँच बिघा क्षेत्रफलमा उन्नत जातको विरुवा उमार्ने र गड्यौला मल बनाउने काम भइरहेको छ । वीरगञ्ज महानगरपालिका-३२ मा अवस्थित श्रीराम निकेतन बायोटेक प्रा.लि.को नर्सरीमा अत्याधुनिक टिसु कल्चर प्रविधिबाट उत्पादित केरा, मेवा, भुईकटहर, ड्राइगन फ्रुट, सहजन, बाँस लगायतका उन्नत जातका वेर्नाहरु उमार्ने गरिएको फोकल पर्सन अमलेश मिश्राले जानकारी दिए ।



त्यस्तै कागती, नेम्बु तथा आलुको पूर्व मूल बीउ खुमल रातो, जनकदेव, डेजिरे, कार्डिनल आई.पि.आई.२००८, एम.एस.४२ लगायतका बीउ उत्पादन हुने गरेको मिश्राले जानकारी दिए । करिब ५ वर्ष अगाडि परसवामा खोलिएको (हार्डेनिङ्ग सेन्टर) नर्सरीमा उत्पादन गरिएका वीउ र वेर्नाहरुलाई बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी, धनगढी, सर्लाही, विराटनगर लगायतका ठाउँहरुमा नेपालभरि पठाउने गरिन्छ ।

सबैभन्दा बढी यहाँ आलुको पूर्व मूल बीउ र केराको बेर्ना बिक्री हुने गरेको जनाइएको छ । वार्षिक रुपमा आलुको बीउ २ देखि ३ लाख वटा सम्म र केराको बीउ ६ लाख वटा सम्म बिक्री हुने गरेको फोकल पर्सन मिश्राले बताए । वार्षिक रुपमा करिब १० लाखसम्म विभिन्न प्रजातिका बेर्नाहरु परसवा स्थित नर्सरीमा उत्पादन हुँदै आएको छ । समय परिस्थिति अनुसार नर्सरीमा ३० देखि ६० जनासम्म कामदारहरु काम गर्दै आएका छन् । माघ देखि भदौ महिनासम्म बीउ र बेर्नाको माग बढी हुने गरेका कारण ६० जनासम्म कामदारहरु राख्ने अवस्था आउने गरेको उनले बताए ।

त्यस्तै नर्सरीकै कम्पाउण्ड भित्र गड्यौलाबाट उत्पादित गड्यौला मल उत्पादन गरिरहेको छ । उक्त मललाई श्रीराम निकेतन बायोटेक प्रा.लि.ले भू वृद्धि माटोको साथी नामको मल ब्राण्डिङ्ग गरी बिक्री वितरण गरिरहेको छ । श्रीराम निकेतन बायोटेक प्रा.लि.काठमाण्डुको टिसु कल्चर ल्याब गोदावरी लतितपुरमा रहेको छ । स्तरीय विरुवा दिन नेपालको एउटा मात्र निजी क्षेत्रको श्रीराम निकेतन बायोटेकको मदर ओरचड(माउ बगैचा) नेपालमा छ । जुन माउ रुखबाट सुन्तला र कागतीको बिरुवाहरु उत्पादन गर्ने गरेको नर्सरीका फोकल पर्सन मिश्राले जानकारी दिए । नर्सरीबाट बीउ र वेर्ना लगेर खेती गर्ने किसानहरुलाई निःशुल्क रुपमा खेतमा गई बिरुवा परिपक्क नहुँदा सम्म प्राविधिक सेवा निःशुल्क प्रदान गर्ने गरिएको श्रीराम निकेतन बायोटेकले जनाएको छ ।

# मधेशमा केन्द्रीय निर्देशनको प्रतीक्षा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ ११ गते हुँदैछ । राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीमा सत्तारुढ गठबन्धनदेखि विपक्षी दलहरुसमेत आन्तरिक तयारी थालेका छन् । तर सत्तारुढ गठबन्धनदेखि विपक्षी दलहरुमा पनि आकांक्षी उम्मेदवारलाई लिएर नाम टुंगो लगाउन सकस देखिएको छ ।




मधेशमा आरक्षित सिटमा निर्वाचन हुने भएपछि प्रादेशिक समितिका दलहरु भने आफूलाई खल्लो महसुस गरेका छन् । राष्ट्रियसभा सदस्यको निर्वाचनको मिति सार्वजनिक भए लगत्तै देशव्यापीरुपमा राजनीतिक दलको जिल्लादेखि प्रदेश समितिसम्मले आन्तरिकरुपमा नाम टुंगो लगाउनका लागि छलफल र बैठकलाई निरन्तरता दिएका छन् ।

सत्तारुढ नेपाली कांग्रेसको जिल्ला समितिबाट धमाधम राष्ट्रियसभा सदस्यका लागि नामहरु सिफारिस गर्ने अभियान नै चलेको छ भने विवादहरु पनि सतहमा आउने थालेको छ । कांग्रेस राष्ट्रियसभा सदस्यको निर्वाचनकालागि नाम सिफारिस गरिसकेका छन् भने अन्य दलहरु केन्द्रीय समितिको निर्देशन कुरिरहेका छन् ।

एकातिर गठबन्धनको तयारी भइरहेको छ भने अर्को तर्फ दलभित्रै पनि समीकरण मिलाउनका लागि नेताहरुको दौडधुपदेखि लविंगसमेत चलिरहँदा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाललगायतका दलहरु भने केन्द्रीय समितिको निर्देशनको प्रतीक्षामा पार्टीको प्रदेश समिति रहेको छ ।

कांग्रेस मधेश प्रदेशका सभापति कृष्णकुमार यादवले जिल्ला-जिल्लाबाट आकांक्षी उम्मेदवारहरुको नाम आउने क्रम जारी रहेको जानकारी दिए । मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रीसमेत रहेका सभापति यादवले यही साताभित्र नाम टुंगो लगाएर सिफारिस गरिने बताए ।

त्यस्तै जसपा नेपाल मधेश प्रदेशका अध्यक्ष रामबाबु कुमार प्रसाद यादव राष्ट्रियसभा सदस्यका लागि उनी स्वयम् आकांक्षी छन् । प्रदेश अध्यक्ष यादवले केन्द्रमा गठबन्धन हुने सम्भावना रहेकाले अहिले नै नाम टुंगो लगाउन बाँकी रहेको बताए । उनले मधेश प्रदेशमा एकजना महिला र एक जना अन्य पद रिक्तको निर्वाचन हुने भएकाले केन्द्रीय समितिले माग गरेपछि नाम टुंगो गरी पठाइने बताए ।उनले राष्ट्रियसभा सदस्यका लागि आफू पनि आकांक्षी उम्मेदवार रहेको बताए ।

त्यस्तै माओवादीले पनि मधेश प्रदेशका इन्चार्ज लिलामणि पोखरेललाई राष्ट्रियसभा सदस्यको नाम टुंगो लगाउने जिम्मेवारी दिइएको छ । तर प्रदेश इन्चार्ज पोखरेलले अहिलेसम्म नाम सिफारिस नगरेको बताउँदै उनले यसैसातामा नाम टुंगो लगाएर केन्द्रीय समितिमा आकांक्षी उम्मेदवारको नाम सिफारिस गरिने बताए ।

त्यस्तै नेकपा एमाले मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डलले यसपटक गठबन्धन हुने सम्भावना कम रहेको बताउँदै उनले केन्द्रीय समितिले नाम सिफारिसका लागि माग गरेमा उपलब्ध गराइने बताए । उनले केही दिनमा एमालेको बैठक बसेर छिट्टै नै टुंगो लगाइने बताए ।

त्यस्तै जनमत पार्टी, नेकपा एकीकृत समाजवादी र लोसपा नेपालसमेत राष्ट्रियसभा सदस्य निर्वाचनको आन्तरिक तयारीमा लागे पनि गठबन्धनको खोजीमा रहेको छ ।

जनमत पार्टीका एक नेताका अनुसार गठबन्धनको बैठकबाट सहमति भएपछि नाम टुंगो लगाउने तयारीमा रहेको बताए । उनले अहिलेसम्म गठबन्धनमा सहमति हुन बाँकी रहेको बताए । नेपालको संविधानमा राष्ट्रियसभाका एक तिहाई सदस्यको पदावधि २०८० फागुन २० गते समाप्त हुँदैछ ।

राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको छ । आगामी फागुन २० गते निर्वाचित १९ जना र संघीय सरकारबाट मनोनित एकजना गरी २० जना सदस्यको पद रिक्त हुँदैछ ।

राष्ट्रिय सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एक तिहाइ सदस्य पदको निर्वाचन माघ ११ गते हुने छ । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार राष्ट्रियसभा सदस्यको अब रिक्त हुन लागेको पदको निर्वाचनका लागि मतदाता रहेका प्रदेशसभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगले निर्णय गरेको छ ।

# अनुगमनको डरले पसले फरार

**टुडे समाचारदाता**

राजविराज । स्वदेशी तथा विदेशी पर्यटकको विभिन्न समयमा भीड लाग्ने गरेको कोशी ब्यारेज क्षेत्रका पसलहरुमा विहीवार अनुगमन गर्न पुगेका टोलीको डरले पसले फरार भएका छन् ।

अनुगमन टोली आएको खबर पाएसंगै कतिपय पसल बन्द गर्दै संचालक फरार भए । खाद्य प्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख विक्रम लिम्बु नेतृत्वको संयुक्त बुढाथोकी, जिल्ला प्रशासन कार्यालयका नासु सचिदानन्द मिश्र, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत सरोज खतिवडा तथा सशस्त्र र नेपाल प्रहरीका अधिकारी सहभागी थिए ।

अनुगमनका क्रममा विभिन्न होटेल, रेस्टुरेन्ट तथा पसलहरुबाट म्याद गुज्रिएका, सडेगलेका, लेवल नभएका, अखाद्य बस्तुहरु जफत गरी तत्कालै नष्ट गरिएको खाद्य निरीक्षक बुढाथोकीले बताए ।

यस्तै पसल दर्ता नगरी संचालनमा रहेकालाई दर्ता प्रक्रियामा जान, मूल्य सूची राख्न तथा अखाद्य वस्तु वेचविखनबाट हुने हानी नोक्सानीबारे सचेतसमेत गराइएको खाद्य प्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयले जनाएको छ ।



बजार अनुगमन टोलीले हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रमा पर्ने कोशी ब्यारेज वरिपरिका होटेल, रेस्टुरेन्ट, किराना, पान लगायतका पसलमा अनुगमन गरेको थियो ।

टोलीमा खाद्य निरीक्षक राजीव

# श्याम अमृत वर्षा महोत्सव सुरु



**टुडे समाचारदाता**

राजविराज । चौथो श्री श्याम अमृत वर्षा महोत्सव विहीवारदेखि राजविराजमा सुरु भएको छ । दुई दिन सम्म चल्ने महोत्सव पहिलो दिन बिहीबार नगरक्षेत्रमा भब्य निशान यात्रा (शोभा यात्रा) निकालिएको थियो ।

श्री बालाजी श्याम भक्त मण्डल राजविराजनको अगुवाइमा झाँकीसहित निकालिएको निशान यात्रामा सयौं महिला/पुरुष सहभागी थिए ।

महोत्सवसको दोश्रो दिन भारतका सन्त संजय सेन, सञ्जु अग्रवाल तथा नेपालकी कृष्णा अग्रवालद्वारा भजन संध्या प्रस्तुत हुने कार्यक्रम रहेको आयोजक समितिका सल्लाहकार मनोज मुन्धडाले जानकारी दिए ।

यस्तै सो अवसरमा भारत कलकत्ताका तरंग ग्रुप र गंगा म्युजिकल ग्रुपद्वारा भगवान श्री कृष्णको महिमा झल्किने धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु समेत प्रस्तुत हुने आयोजकले जनाएको छ ।

# सातै प्रदेशका मुख्यमन्त्री अधिकारका लागि संघर्षको घोषणा गर्ने तयारीमा : मुख्यमन्त्री कार्की

**टुडे समाचारदाता**

राजविराज । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशलाई अधिकार नदिइएका कारण बाध्य भएर संघर्षमा जानु परिरहेको बताएका छन् ।

सातै प्रदेशका मुख्यमन्त्रीको सम्मेलनमा भाग लिनकालागि हेटौंडा जाने क्रममा बिहीबार विहान राजविराज पुगेका उनले त्यहाँ आयोजित नेपाली कांग्रेसका कार्यकर्ता र पत्रकारहरुलाई सम्बोधनका क्रममा यस्तो बताएका छन् । संघीय सरकारले संविधानमा व्यवस्था भएको अधिकार पनि प्रदेशलाई दिन नचाहेका कारण सातै प्रदेशका मुख्यमन्त्रीको सम्मेलनबाट आगामी कार्यक्रमका विषयमा निर्णय लिन लागेको उनले बताए ।



प्रदेशलाई अधिकार दिन संघीय संसदले पास गर्नुपर्ने कतिपय ऐन कानुन समेत अहिलेसम्म पास नगरिएका कारण काम गर्न समस्या भइरहेको उनको कथन छ ।

शान्तिसुरक्षा सम्बन्धी प्रदेशको पहिलो अधिकार नै संघले कुण्ठित गरेका कारण जनतालाई सुशासन दिन पनि समस्या भइरहेको भन्दै उनले संघीय संसदसित पनि आफूहरुको संघर्ष रहेको बताए । संघीय संसदका सांसदहरुले प्रदेशलाई अधिकार दिने सबालमा चासो नलिएको भन्दै उनले जनतामा परिरहेको समस्याप्रति संघीय सांसदले उदासीन भएर बस्न नमिल्ने जिकिर गरे ।

विद्युत उत्पादन, भौतिक संरचनादेखि कृषिमा पाउने अधिकार दिन पनि संघले आनाकानी गरिरहेको बताउँदै उनले पहिले हस्तान्तरण गरेर पनि पछि संघीय कार्यालय जिल्ला जिल्लामा राखेर अधिकार खोस्ने काम समेत गरेको आरोप लगाए ।

नेपाली कांग्रेसलाई कमजोर बनाउने गरी निर्णय गरेर गठबन्धनका नाममा अर्को पार्टीलाई मुख्यमन्त्री दिन थालेका कारण आफैंले संविधानको अधिकार प्रयोग गरेर अरुको भागमा गइसकेको मुख्यमन्त्री खोसेर लिएको दाबी गरे । आफूले लिएको निर्णयमा अहिले गठबन्धनले पनि समर्थन गर्न बाध्य भएको उनले बताए ।

मुख्यमन्त्री कार्कीले भने,यसले कांग्रेसको शिर उच्च बनाउने काम गरेको छ । कोशी प्रदेशमा सानातिना बजेट काटेर प्रदेश स्तरको बजेटमा रकम बढाउन सुरु गरेका कारण यसबाट संघीय सरकार पनि झस्किने अवस्थामा पुगेको भन्दै उनले यसबाट प्रदेशको बजेट बढाउन केन्द्र सरकारलाई घचघच्याउने छ भने । यसले सानातिना बजेट होइन ठूल ठूला योजनाका लागि पनि प्रदेशमा बजेट पठाउन केन्द्रलाई दबाब पुग्नेछ, उनले भने, हामीले सुरु गरेको यो परम्परालाई अन्य प्रदेशले पनि अनुशरण गर्नेछन् भन्ने मलाई लागेको छ ।

सप्तरीलाई पनि कोशी प्रदेशमा नै राख्न पाएको भए सुनमा सुगन्ध भैं हुने बताउँदै उनले क्रान्तिभूमिका रुपमा चिनिएको सप्तरी र कोशीको सम्बन्ध रुखको जरा र टुप्पा भैं रहेको बताए ।

नेपालमा भएका अधिकार प्राप्तिका सबै आन्दोलनमा सप्तरीको ठूलो योगदान रहेको भन्दै मुख्यमन्त्री कार्कीले भारतीय स्वतन्त्रता संग्रामका समयमा त्यहाँका लोकतन्त्रवादी नेताहरुलाई सप्तरी आएका बखत यहाँका क्रान्तिकारी युवाहरुले मुक्त गरेर पठाएको कुरा बिर्सन नमिल्ने बताए ।

जनताको रगतले लेखिएको संविधानको कार्यान्वयनप्रति सबै तह, निकाय र नेताले इमान्दारीपूर्वक लाग्नुपर्छ भनी खबरदारीका लागि हेटौडामा मुख्यमन्त्रीहरुको सम्मेलन हुन लागेको जानकारी दिँदै उनले संघीय संसदका साथै सरकारसित समन्वय संगै संघर्षको घोषणा समेत सम्मेलनले गर्ने बताए ।

# बीमा बापतको रकम हस्तान्तरण

**टुडे समाचारदाता**

सिमरा । आमसञ्चार प्राधिकरणले बारा र सिमराका पत्रकार महिलाहरुलाई स्वास्थ्य बीमा बापतको रकम हस्तान्तरण गरेको छ ।



प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले बारा सिमराकी सञ्चारकर्मी रञ्जना खतिवडालाई बिहीवार एक कार्यक्रमका बीच स्वास्थ्य बीमा वापतको प्राप्त रकम हस्तान्तरण गरेका छन् ।

सिमरा स्थितका एक रेडियोमा समाचार प्रमुख खतिवडालाई २६ हजार ६ सय ७३ रुपैयाँको चेक हस्तान्तरण गरिएको छ । गत बैशाखमा ढाडमा पलाएको ट्युमरको शल्यक्रिया गराएकी खतिवडाले बीमावापत उक्त रकम प्राप्त गरेकी छन् ।

आमसञ्चार प्राधिकरणले आर्थिक वर्ष २०७९/०८० मा जीटुजी पोलिसी अन्तर्गत सरकारी बीमा कम्पनी राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग मधेश प्रदेशका एक सय १० जना पत्रकार महिलाहरुको बीमा गरेको थियो ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको निकाय प्राधिकरणले गरेको उक्त बीमा कार्यक्रम अन्तर्गत खतिवडालाई बीमा सुविधा वापतको रकम हस्तान्तरण गरेको छ । प्राधिकरणको बीमा कार्यक्रमबाट विमितको रुपमा लाभग्राही हुने खतिवडा पहिलो महिला सञ्चारकर्मी छन् ।

नेपाल पत्रकार महासंघ बाराकी सदस्य खतिवडालाई चेक हस्तान्तरण गर्दै अध्यक्ष यादवले महिला पत्रकारलाई लक्षित गरी अघिल्लो वर्ष सुरु गरिएको बीमा कार्यक्रमलाई निरन्तरता दिइएको बताए । प्रदेशका सबै पत्रकार महिलाहरुलाई बीमा कार्यक्रममा सहभागी हुन सार्वजनिक सूचनामार्फत आह्वान गरेर सहभागी गरिएको बताउँदै उनले बीमा सुविधाका लागि जनकपुरधाम स्थित प्राधिकरणमा सम्पर्क गर्न आग्रह समेत गरे ।

प्रदेशका सञ्चारकर्मी र सञ्चारमाध्यमहरुलाई सबल बनाउन आफू प्रयत्न गरिरहेको भन्दै अध्यक्ष यादवले सञ्चार क्षेत्रलाई स्थापित र स्थायित्व दिनका लागि गम्भीर हुन प्रदेश सरकारलाई आग्रह गरे ।

प्राधिकरणले मधेश प्रदेशका मिडियाहरुको संरक्षण प्रवर्द्धन गर्न कार्यविधि बनाई लोककल्याणकारी विज्ञापन निरन्तर रुपमा उपलब्ध गराउँदैआएको चर्चा गर्दै उनले सञ्चारकर्मीको दक्षता र क्षमता विकासका लागि पनि अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यस्थलमै आएर प्राधिकरणले चेक हस्तान्तरण गरेकोमा खुशी व्यक्त गर्दै बीमा कार्यक्रमले पत्रकार महिलाहरुलाई सञ्चार क्षेत्रमा लाग्न थप प्रोत्साहन मिल्ने पत्रकार खतिवडाले बताइन् । बीमा कार्यक्रमबाट अन्य पत्रकार महिलाहरुलाई समेत लाभ लिन उनले आग्रह गरिन् ।

चेक हस्तान्तरणको अवसरमा नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, प्रेस चौतारी नेपालका केन्द्रीय सचिव कमलकुमार उपाध्याय, बाराका अध्यक्ष दिवाकर भण्डारी, नेपाल खेलकुद पत्रकार मञ्च बाराका अध्यक्ष सुनिल गाउँले, राष्ट्रिय बीमा कम्पनी लिमिटेड जनकपुरधामका निमित्त प्रमुख खगेन्द्र थापालगायतको उपस्थिति रहेको थियो ।

# पीडितमाथि अश्रुग्यास प्रहार

**बखतियार अलि**

मलंगवा । प्रहरीले अश्रुग्यास प्रहार गर्दा सर्लाहीमा एक दर्जन भन्दा बढी मिटर व्याज पीडित महिलाहरु घाइते भएकी छन् । मिटर व्याज पीडितहरु जिल्ला प्रशासन कार्यालय सर्लाहीले आफूहरुको निवदनमा ढिलासुस्ती गरेको भन्दै उनीहरु धर्नामा बसेपछि प्रहरीले उनीहरुलाई तितिरबितिर पार्न आश्रुग्यास प्रहार गरेका छन् ।



धर्नामा बसेका मिटर व्याज पीडितहरुले प्रमुख जिल्ला अधिकारी विरुद्ध नाराबाजी गर्नथालेपछि प्रहरीले उनीहरुमाथि अश्रुग्यास प्रहार गर्दा एक दर्जन भन्दा बढी घाइते समेत भएका छन् । स्थिति नियन्त्रण गर्न प्रहरीले पाँच राउण्ड अश्रुग्यास प्रहार गरेका थिए । घाइतेहरुको प्रादेशिक अस्पताल मलंगवा उपचार भइ रहेको छ ।

सर्लाहीमा मिटर व्याज सम्वन्धी अनुचित लेनदेनको ३१ सय उजुरी दर्ता गराइएको छ । तर त्यस मध्ये ६ सय उजुरी मिलापत्र भएको छ भने २५ सय मुद्दा पछ्र्यौट हुन बाँकी रहेको छ । मिटर व्याज सम्वन्धी मुद्दा जटिल रहेको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले बताए । प्रजिअ धमलाले यो मुद्दामा वडाध्यक्ष देखि मन्त्री सम्मको दवाव आउने गरेको बताए । उनले प्राइभेट नम्वर हरुबाट फोन आउन थालेपछि मुद्दा प्रभावित भएको उनले स्वीकारे ।

मिटर व्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समिति सर्लाहीका सचिव सोनफी चौधरीले अनुचित देनदेनको कानुन बनेपछि दुई महिना सम्म जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट पूर्ण रुपमा निष्पक्ष न्याय भएको बताउँदै त्यस पछि यता, सिडिओ साहव निष्कृय बनेको आरोप लगाए ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीमा दिनहुँ कुटपिट तथा झै-झगडा हुन थालेपछि कार्यालयको कामहरु प्रभावित हुन थालेको छ । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले भने-‘अनुचित लेनदेनको मुद्दा मिलान गर्न एउटा समिति बनाइएको छ । जसमा जिल्ला प्रशासन कार्यालय, सर्लाहीका प्रतिनिधि, सरकारी वकील कार्यालयका प्रतिनिधि, वित्तिय संस्थाका प्रतिनिधि, मालपोत कार्यालयका प्रतिनिधिका साथै मिटर व्याज तथा ठगीविरुद्ध मजदुर संघर्ष समिति सर्लाहीका प्रतिनिधि राखेर छलफल हुन्छ ।’ सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार परेको ३१ सय निवेदन मध्ये ६ सय २५ वटा मुद्दा फछ्र्यौट भइ सकेको छ ।

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्याल ढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८